# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाज र संस्कृतिको विकासका क्रममा मानवले विभिन्न कालखण्डमा धेरै संघर्ष गर्दै आएको पाइन्छ । मानव जीवनका आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा मानवले वातावरण, पर्यावरण, मौसम र स्थान विशेष आफ्नो योग्यता, क्षमता र प्रविधिको विकास र प्रयोग गरी उपलब्ध साधन र स्रोतबाट दैनिक उपभोग्य वस्तुको उत्पादनमा विकास गर्दै आएको छ ।

मानव सभ्यताको विकासक्रम सँगसँगै आफ्नो जीवनयापनलाई सहज बनाउन कृषि पेसालाई अवलम्बन गर्ने क्रममा तरकारी खेती गर्ने परम्परा प्राचिन कालदेखि नै चलिआएको पाइन्छ । आदिम मानवले आफ्नो आहाराका लागि उपयोग र सङ्कलन गरेका कन्दमूल र फलफूलबाट नयाँ ज्ञान सिक्दै गए । उपयुक्त भू-भागमा स्थायी बसोबास गरे जहाँ उनीहरूले उत्पादनका लागि आफूले सङ्कलन गरेका अन्न, फलफूल र कन्दमूलको पहिलो बिउ रोप्न सिकेका थिए । यहीबाट कृषिको सुरुवात भएको मानिन्छ । कृषि प्रणालीको सुरुवात उत्तरी अमेरिकाका आदिवासीहरूले गरेको मानिन्छ । कृषि प्रणालीको सुरुवात गर्नुपूर्व नदी किनारामा पाइने जङ्गली जातको धानको उपयोग गर्दथे । एसिया र इरानको पठारका कैयौं स्थानहरूमा आजपनि जङ्गली जातका धान र गहुँ उम्रेको पाइन्छ । कृषि सामूहिक प्रयासबाट सफल र सम्भव हुनसक्छ (खत्री, २०५५) ।

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा अझै आय र रोजगारीको लागि कृषिमा आधारित छन् । कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको सर्वोच्च योगदान गरेको देखिन्छ । कृषि क्षेत्रको विकास विना दिगो आर्थिक विकास सम्भव छैन भन्ने तथ्यलाई आत्मसात गरेर विगतका योजनाहरू यस क्षेत्रलाई उच्च प्राथमिकता दिइएको पाइन्छ । कृषि उत्पादन एवम् यसमा

रोजगारीका अवसरहरू वृद्धिका माध्यमबाट र गरिबी न्यूनीकरण गर्ने उद्देश्यले दीर्घकालिन कृषि योजनासमेत सञ्चालनमा रहेको छ (आर्थिक सर्वेक्षण, २०६४/६५: १२०) ।

विश्व मानचित्रमा नेपाल एक कृषिप्रधान देश हो । प्राकृतिक सुन्दरताले भरिपूर्ण भएपनि नेपालको अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि नै हो । यहाँका ६५.६% मानिसहरू कृषि पेसामा आवद्ध छन् । कृषि उत्पादनबाट कुल ग्रार्हस्थ उत्पादनको ४३% हिस्सा ओगटेको छ । यसरी कृषि नै अर्थतन्त्रको मूल मेरुदण्ड मानिएको भए तापनि विशिष्टीकृत एवम् व्यापारिक हिसाबले कृषि कार्य भने नगन्य रूपले मात्र गरिएको छ (योजना आयोग, २००१) ।

नेपालमा पुरुष भन्दा महिला कृषि पेशामा बढी संलग्न भएको देखिन्छ । वि.सं. २०५८ सालको जनगणना अनुसार ५२.३% पुरुष र ६७.७% महिला कृषि पेशामा लागेको देखिन्छ । विश्वको औसत करिब ३५% जनसङ्ख्या कृषि पेशामा लागेकोमा नेपालमा औसतभन्दा दोब्बर श्रमशक्ति कृषि क्षेत्रमा निर्भर रहेका छन् । १०% भन्दा कम जनशक्ति कृषि पेसामा लागेका देशहरूले खाद्यान्न लगायतका कृषि उपज निर्यात गर्न सक्ने क्षमता राख्दा पनि दुई तिहाई जनसङ्ख्या कृषि पेसामा लागेको नेपालमा कृषि उत्पादनको आयात गर्नुपर्ने अवस्था विद्यमान रहेको छ । त्यति मात्र नभई नेपालका ७५ जिल्लाहरूमध्ये ५५ जिल्लामा अझैसम्म पनि जिविकोपार्जनमुखि रहेको छ । कृषि क्षेत्रमा व्यवसायीकरण गर्न सकिएको छैन । आधुनिक कृषि प्रणालीको अवलम्बन गरी यस क्षेत्रको विस्तार र विविधीकरण हुन सकेको छैन (सुवेदी, २०६५) ।

नेपालको अन्तरिम संविधान २०६३ ले राज्यका सबै तहमा ३३% महिला सहभागिताको सुनिश्चितता गरेको छ तर कार्यान्वयनको स्थिति यस्तो रहेको छ । तुलनात्मक तथ्याङ्कहरू जनसङ्ख्या महिला ५१.५०% छ भने पुरुष ४८.५०%, साक्षरता दर महिलाको ३४% छ भने पुरुष ६६% सुरक्षा अङ्क (प्रहरी) महिला ६% भने पुरुष ९४%, सुरक्षा अङ्क (सेना) महिला १.२०% छ भने पुरुष ९८.८०%, कृषि महिलाको ६४% छ भने पुरुष ३४% संवैधानिक निकाय महिलाको ५% छ भने पुरुष ९५%, न्यायाधिस महिलाको २% छ भने पुरुष ९८%, संविधानसभा महिलाको ३३% छ भने पुरुष ६७%, महिला चिकित्सा ४८% छ भने पुरुष ५२%, निजामति सेवा महिलाको १२% छ भने पुरुष ८८%, स्वास्थ्यमा पहुँच महिलाको ३५%

छ भने पुरुष ६५%, मतदान महिलाको ४९% छ भने पुरुष ५१%, २% पार्टीको सदस्य महिलाको ११% छ भने पुरुष ८९% रहेको छ (नारी मासिक, २०६८)।

नेपाल गाउँ नै गाउँले भरिपूर्ण कृषि प्रधान देश हो। नेपालका अधिकांश जनताहरू ग्रामिण क्षेत्रमा नै बसोबास गर्दछन्। ग्रामिण क्षेत्रका जनताको मुख्य पेसा कृषि नै रहेको छ। नेपालको विकास भन्नु नै ग्रामिण क्षेत्रको विकास हो। जबसम्म गाउँको विकास हुँदैन तबसम्म राष्ट्रको उन्नति प्रगति र समृद्धिको कल्पना समेत गर्न सकिँदैन। गाउँको विकास गर्नु तिनीहरूले अवलम्बन गरेका परम्परागत पेशा कृषिमा आधुनिकीकरण गरी सुधार गर्नुपर्दछ। नेपालको कुल व्यापार घाटा कम गर्न प्रतिव्यक्ति आय बढाउन र ग्राहस्थ उत्पादनमा वृद्धि गर्न सर्वप्रथम कृषिमा सुधार गर्न आवश्यकता रहेको कुरामा विज्ञहरू एकमत देखिन्छन्। नेपालको कुल जनसङ्ख्याको ८६% जनताहरू ग्रामिण क्षेत्रमा बसोबास गर्छन् जसमा हालसालै गरिएको सर्वेक्षणले ८२.२% जनसङ्ख्या कृषिमा आश्रित रहेको तथ्य पत्ता लगाएको छ (गौतम, २०६९)।

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवन स्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालिन दृष्टिकोण रहने छ। व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न, कृषि उत्पादन तथा उत्पादकत्व बढाउने प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवम् सदुपयोग गर्न आवश्यक देखिन्छ (गुरुङ्ग, २०६९)।

नेपालमा तरकारी खेती गर्ने परम्परा प्राचीन कालदेखि नै चलि आएको भए तापनि मानिसहरूमा तरकारी खेती पनि एक व्यवसाय हो र यसबाट अन्य बालीहरूको तुलनामा बढी फाइदा हुन्छ। तरकारीको प्रयोगले अन्न बालीहरूको बचतमा सहयोग पुऱ्याउनुका साथै स्वास्थ्य बर्धक पनि हुन्छ भन्ने कुराको बोध नभएर विगतमा तरकारी खेतीले व्यवसायिक रूप लिन सकेको थिएन। सरकारले देशको आर्थिक विकासमा ठोस रूपले मद्दत गर्न थालेकोले तरकारी खेती विकासका लागि हालैका वर्षमा केही काम गर्दै आएको र ग्रामीण कृषक हरूमा अज्ञानताको पर्दा उघारिदै गएकाले तरकारी खेतीले विकाश विस्तारमा व्यवसायिक रूप लिन थालेको छ (बराल, २०६४)।

तरकारी खेती कुनै संयोगले हुने कुरा होइन एउटा योजना निरन्तर हेर विचार र तरकारी खेतीमा तीव्र इच्छाको परिणाम हो (पहारी, २०६८)।बजारमुखी अर्गानिक र बेमौसमी तरकारी खेती प्रविधि भन्ने पुस्तकमा कृषकहरूको स्वास्थ्यलाई ख्याल राखी तरकारी खेतीमा जैविक मलहरू प्रयोग गर्ने कुरा उल्लेख गरेका छन्। कृषकहरूलाई अर्गानिक बेमौसमी खेतीतर्फ आकर्षित गर्न विभिन्न तालिमहरू दिनुको साथै चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। आज बजारमा छिटो उत्पादित तरकारीहरू प्रशस्त मात्रामा पाइन्छ। यसले सबैको स्वास्थ्यमा प्रतिकुल असर पार्दछ। ग्रामिण कृषकहरू आफूले उत्पादन गरेको तरकारी र फलफूललाई व्यवस्थापन गर्न सकेमा कृषकको जीवनस्तर उकास्न सकिन्छ। यस पुस्तकमा बजारमुखी तरकारी खेती प्राङगारिक खेतीबाट हुने फाइदा, जैविक विषादीको प्रयोग, बेमौसमी तरकारी उत्पादन गर्ने तरिका, प्लाष्टिकको घर (टनेल) बनाउने प्रविधि आदिको बारेमा उल्लेख गरिएको छ (बुढाथोकी : २०६२)।

नेपाल गाउँनै गाउँले भरिएको कृषिप्रधान देश हो।कृषि अधिकांश नेपालीहरूको मुख्य पेशा रहदैं आएको छ। अज्ञानता, अशिक्षा र आधुनिक मल, बिऊ, औजारको अभावमा हाम्रो कृषि पेशा मूलतः जीवन निर्वाहमुखी छ। नेपालका अधिकांश कृषकहरू वर्ष खान लाउनको लागि मात्र निर्वाहमुलक रूपमा कृषि पेशामा संलग्न हुने गर्दछन्। नेपालको कुल व्यापार घाटा कम गर्न, प्रतिव्यक्ति आय बढाउन र ग्रार्हस्थ उत्पादन वृद्धि गर्न सर्वप्रथम कृषिमा सुधार गर्न आवश्यक रहेको कुरामा विज्ञहरू एकमत देखिन्छन् (अधिकारी, २००६)।

## १.२ समस्याको कथन

मानिसहरूको शारीरिक विकासको लागि तरकारीहरू खेतीको महत्वपूर्ण भूमिका हुन्छ। जसको अभाव र निरन्तर रूपमा उपभोग नगर्नाले मानिसहरू कुपोषणको शिकार भइरहेका छन्। नेपालको बढ्दो जनसङ्ख्या र त्यसले सृजना गरेको बढ्दो तरकारीको मागलाई माग बढी भएको समयमा भारतबाट सयौं ट्रक तरकारी आयात गरिन्छ। व्यापार असन्तुलनका विभिन्न कारणहरू मध्ये यो पनि एउटा प्रमुख कारण हो। तरकारी वालीलाई स्वास्थ्यबर्धक, पवित्र र उच्च स्तरीय खाद्यवस्तुको रूपमा लिइन्छ। तापनि यी वालीहरूको सम्भाव्यता र तुलनात्मक लाभ अनुरूप जति व्यापक रूपमा तरकारी विस्तार र शारीरिक आवश्यकता अनुरूप उपभोग गर्नुपर्ने हो सो हुन सकेको छैन। यसो हुनुमा तरकारी बाली उत्पादनमा

विशेष प्रविधिको आवश्यकता पर्ने, उत्पादित बस्तु प्रायः शिघ्र नासवान हुने, तरकारी बालीलाई उत्पादन गर्न विशेष खालको मौसम मिल्नुपर्ने आदि प्रमुख कारणहरू छन् । साथै मानिसहरूमा तरकारीको पौष्टीक महत्व, आर्थिक महत्व र प्रविधिको ज्ञानको कमि र बजार व्यवस्था कमजोर हुनुपनि प्रमुख कारणमा लिन सकिन्छ ।

एकातिर व्यवसायिक तरिकाबाट अन्नबालीको उत्पादन भन्दा सयौँ गुणा बढी आम्दानी हुने र नगदेवाली तरकारी खेती हो भने अर्कोतिर व्यवसायिक तरकारी खेतीको लागि रासायनिक मल विषादीको प्रयोग आधुनिक बिऊ बिजनको प्रयोग गरिन्छ । यसको कारण सामाजिक, आर्थिक, वातावरणीय, स्वास्थ्य समस्या देखा पर्नुका साथै तरकारी खेतीको दिगो विकासमा प्रश्न चिन्ह खडा भएको छ । साथै अधुनिक बिऊ बिजनको प्रयोगको कारण मौलिक तथा परम्परागत रूपमा रहेका तरकरीका बिऊहरू हराउने अवस्थामा रहेका छन् भने घरेलु कृषि उपचार पद्धति पनि लोप हुने अवस्थामा पुगेका छन् । यस्ता विभिन्न कारणहरूले तरकारी उत्पादन र स्थानिय समुदायलाई विभिन्न प्रकारको प्रभाव पारेको पाइन्छ । त्यसकारण यो अध्ययन निम्न समस्याहरूमा केन्द्रित रहने छ ।

१. तरकारी उत्पादनले ग्रामीण कृषकहरूको जीवनशैलीमा कस्तो प्रभाव पारेको छ ?
२. अध्ययन क्षेत्रका कृषकहरू तरकारी उत्पादनतर्फ कसरी आर्कषित भए ?
३. तरकारी उत्पादनले कृषकको सामाजिक, आर्थिक जीवस्तरमा कस्तो रूपान्तरण भएको छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

**क) सामान्य उद्देश्य**

तरकारी उत्पादनले ग्रामीण कृषकहरूको जीवनशैलीमा पारेको प्रभावबारे अध्ययन गर्ने ।

**ख) विशिष्ट उद्देश्य**

- यस क्षेत्रका कृषकहरू तरकारी उत्पादनतर्फ आकर्षित हुनुका कारणहरू पत्ता लगाउने ।

- तरकारी उत्पादनले कृषकको सामाजिक, आर्थिक जीवनस्तरमा आएको रूपान्तरण पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

नेपाल परापूर्वकाल देखि नै कृषिमा आधारित देश हो । देशको कुल भू-क्षेत्रको १८ प्रतिशत जमिन कृषियोग्य रहेको छ। यहि कृषियोग्य जमिनमा देशका अधिकांश मानिसहरू जीवनयापन गरिरहेका छन्। कृषि क्षेत्रमा खाद्यान्नबाली, नगदेवाली, पशुपंक्षी पालन, फलफूल तरकारी खेतीका अतिरिक्त अन्य कृषि व्यवसायहरू पर्दछन् । बालक, वृद्ध देखि लिएर युवायुवतीलाई प्रत्यक्ष रूपमा यस क्षेत्रले रोजगारी प्रदान गरेको छ। कृषकको लागि तरकारी उत्पादन एक महत्वपूर्ण विषय हो । यस क्षेत्रमा तरकारी उत्पादन गर्नु पूर्व र पछि कृषकको आर्थिक र सामाजिक जीवनमा आएको परिवर्तन बुझ्नका लागि यो अध्ययन महत्वपूर्ण हुनेछ। तरकारी अनुसन्धानसँग सम्बन्धित विद्यार्थी तथा कृषि अनुसन्धान कर्तालाई यस अनुसन्धानले सहयोग प्रदान गर्ने छ। भोलिका दिनमा जसले तरकारी उत्पादन गर्न चाहन्छ । उनीहरूका लागि पनि यसले सम्भावना र चुनौतीहरू दुवैप्रति सचेत रहन मद्दत गर्ने छ । कृषकको बारेमा चासो राख्ने समाजशास्त्र तथा मानवशास्त्र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूको लागि यस अध्ययन उपयोगी हुनेछ। यिनै विषयवस्तुको सेरोफेरोमा तरकारी खेतीको महत्त्व आंकलन गर्न सकिन्छ ।

## १.५ अध्ययनको सिमा

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै सिमाहरू हुन्छन्। यही सिमाहरूको आधारमा अध्ययनलाई सिमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ। त्यसैले यो अनुसन्धान कार्यमा पनि निश्चित सिमाभित्र मात्र यसको परिणाम र निष्कर्ष स्वीकार्य योग्य हुनेछ। यो अध्ययन गण्डकी अञ्चल कास्की जिल्लाको लाहाचोक गा.वि.स. वडा न.. ६ र ७ अन्तर्गत बसोबास गरी तरकारी उत्पादनमा लागेका कृषकहरूमा मात्र सिमित गरिएको छ । यस अनुसन्धानको परिणामले सम्पूर्ण गा.वि.स. को र अन्य क्षेत्रको प्रतिनिधित्व गर्न नसक्ला यदि गरेको खण्डमा निश्चित अवधिको लागि हुनेछ ।

## १.६ विशेष शब्दावलीको परिभाषा

**कृषक :** पशुपालन, अन्नवाली र तरकारी उत्पादनबाट जीविका चलाउने व्यक्ति

**कृषक समूहः** तरकारी उत्पादनमा लागेका महिला तथा पुरुषको जमात

**तरकारीः** कुनै एक देशमा तरकारीका रूपमा लिइएको वस्तु अर्को देशमा तरकारीका रूपमा नलिइन पनिसक्छ । रेनाटो (१९८६) ले भेजिटेवल प्रोडक्सन भन्ने पुस्तकमा तरकारीको परिभाषा दिँदै भनेका छन् । “तरकारी एउटा खान योग्य तथा रसिलो विरुवा वा विरुवाको भाग हो, जस्तो खरभुजाबाहेक कुनै गुलियो स्वादको  हुँदैन । यो परिपक्व अन्न नभई अपरिपक्व अवस्थामा हुन्छ । तरकारीलाई साधारण तया प्रमुख भोजनको रूपमा नलिई अरु प्रमुख भोजनको साथमा खाइन्छ ।”

**तरकारी उत्पादनः** आर्थिक आम्दानीका लागि गरिने कृषि उत्पादनको कार्य ।

**टर्नेलः** विशेष गरी बेमौसममा गोलभेडा उत्पादन गर्न घाम र पानीको व्यवस्थापनको लागि बनाइएको प्लाष्टीकको घर हो ।

**मौसमी तरकारीः** सामान्यतया हावापानी, मौसम र प्राकृतिक अवस्था सहाउँदो तरकारी उत्पादन ।

**बेमौसमी तरकारीः** हावापानी मौसम र प्राकृतिक अवस्था प्रतिकूल उत्पादन गरिने तरकारी

**अर्गानिकः** रासायनिक मलको प्रयोग विना उत्पादन गरिने तरकारी ।

**सामाजिक अवस्थाः** पारिवारिक पृष्ठभूमि, शिक्षा, जात, धर्म र पेसा आदि ।

**आर्थिक अवस्थाः** आम्दानी जस्ता पक्षले मापन गर्ने पक्ष ।

## १.७ अध्ययनको सङ्गठनात्मक ढाँचा

प्रस्तुत शोधपत्रलाई मुख्यतया सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमालाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सैद्धान्तिक समिक्षा, पूर्व अध्ययनको समिक्षा, अवधारणात्मक खाँका समावेश गरिएको छ । त्यसै गरी तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोतहरू, समग्रता र नमूना छनौट विधि, प्राथमिक तथ्याङ्क सङ्कलनको विधि, पूर्व परीक्षण तथा तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणलाई समेटिएको छ । यस अध्ययनको चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय, जनसाङ्ख्यिक र सामाजिक, आार्थिक विशेषता, उत्तरदाताको जात, धर्म, भाषा, उमेर, शैक्षिक अवस्था, पारिवारिक संरचना र कृषि बाहेक अन्य पेसाको विवरणको चर्चा गरिएको छ । अध्याय पाँचमा अध्ययन क्षेत्रमा तरकारी उत्पादन र परिवर्तनको अवस्थाको विश्लेषण गरिएको छ भने अध्याय छ मा तरकारी उत्पादनले कृषकमा पारेको प्रभावको चित्रण गरिएको छ । अध्याय सातमा सारांश, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामाग्री, अन्तवार्ता, अनुसूची र तस्विरहरू राखिएको छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक समिक्षा

कुनै पनि अनुसन्धानका लागि साहित्यक पुनरावलोकन अति आवश्यक छ । सामाजिक अनुसन्धानका विषयमा यसले अनुसन्धानलाई छिटो छरितो र अनुसन्धानको सिङ्गो प्रक्रिया सहित निष्कर्षमा पु¥याउन मद्दत गर्छ । तसर्थ सामाजिक अनुसन्धानमा सन्दर्भ साहित्यको समिक्षा अनिवार्य मानिन्छ । आफ्नो अनुसन्धानको विषयसँग सम्बन्धित किताब, लेख, रचना, सरकारी तथा गैरसरकारी प्रतिवेदन, रिपोर्ट, पत्रपत्रिका, सोधमुलक अनुसन्धान, सञ्चारका माध्यम टि.भी. कार्यक्रम, इन्टरनेटका सूचना समिक्षा आदि सन्दर्भ साहित्य अन्तर्गत गर्दछन् । जसबाट समस्याको पहिचान र प्रभावकारी अनुसन्धान विधि छनोट गर्न मद्दत पुग्दछ । यी स्रोतहरूलाई वृहत रूपमा प्राथमिक स्रोत, तथ्याङ्कको वास्तविक स्रोत र द्वितीय स्रोत वास्तविक तहका तथ्याङ्कको विवेचनाका लागि सहायक स्रोत अन्तर्गत राखिएको छ ।

### २.१.१ कृषि सम्बन्धी अवधारणा

कृषि प्रणालीको सुरुवात फिरन्ते अर्थतन्त्रमा सङ्क्रमण भई कृषि अर्थतन्त्रमा प्रवेश गरेसँगै भएको हो । यस्तो संक्रमण क्रमशः पशुपालन र बागवानी जस्ता बीचका अर्थतन्त्रहरू छिचोल्दै अघि बढेको पाइन्छ । बागवानी समाजहरूमा झाँडी फाँड्ने र जलाउने क्रियाकलाप गरी जङ्गलका केही भागमा निश्चित समयका लागि बाली उमार्ने गरिन्थ्यो । जब माटोको मलिलोपना समाप्त हुन्थ्यो तब त्यहाँबाट अर्को ठाउँमा स्थान्तरण हुने चलन थियो । त्यस्तै, पशुपालन समाजमा साना बथानहरूमा पशुहरूलाई पाल्ने काम गरिन्थ्यो । यसरी पशुपालन र बागबानी अवस्थाको हुँदै वास्तविक रूपमा कृषि प्रणालीको उदय भएको पाइन्छ । वास्तविक कृषि प्रणालीको १०,००० वर्षभन्दा पहिलेबाट नै आधारभूत रूपमा

तयार भएको पाइन्छ यद्यपि करिब ३,००० वि.सी. वा ७,००० वर्ष पहिले हलोको आविष्कार भई प्रयोगमा आएपछि वास्तविक कृषि प्रणाली सुरुभएको थियो (रेग्मी, १९९९)।

नेपालको भौगोलिक बनावट, हावापानी तथा अवसरको हिसाबले कृषि क्षेत्र एक प्रचुर सम्भावना बोकेको आर्थिक क्षेत्रको रूपमा परिचित छ। दीर्घकालीन कृषि योजना, त्रि-वर्षीय अन्तरिम योजना तथा राष्ट्रिय कृषि नीति २०६१ को उद्देश्यअनुसार नेपालमा कृषि उत्पादन तथा उत्पादकत्व बढाई गरिबी न्यूनीकरण र खाद्य सुरक्षामा टेवा पुऱ्याउनु आजको आवश्यकता रहेको छ । यसका लागि कृषि उत्पादनको विविधीकरण, प्रशोधन तथा मूल्य अभिवृद्धि, कृषि यान्त्रिकरण, बजारीकरणजस्ता महत्वपूर्ण पक्षहरूलाई दृष्टिगत गरी कृषि कार्यक्रमहरू संचालन गर्नुपर्ने हुन्छ । विगतका दिनहरूदेखि मुलुकमा ताजा तरकारी उत्पादन, दुग्ध उत्पादन, कुखुरापालन, फुल खेती, नगदे बालीहरू, उच्च मूल्य पर्ने कृषि उपजहरू, बीउ उत्पादन एवं अन्य निर्यातजन्य उत्पादनहरूले व्यावसायिक रूपमा कृषि खेतीको राम्रो सम्भावना देखाएका छन् (कृषि तथा सहकारी मन्त्रालय, २०६८) ।

## २.१.२ तरकारी उत्पादनको प्रविधि

तरकारी एकवर्षे अथवा बहुवर्षे नरम डाँठ भएको र तरकारीको रूपमा पकाएर वा नपकाई खाइने वनस्पति हो र साथै कुनै तरकारी बालीको मुन्टा, डाँठ, कुनैको जरा तथा गानो, कुनैको पात र कुनैको फल, कोसा आदि खाइन्छ । तरकारीको परिभाषामा अन्नबाली र दालबाली बाहेक कलिलो मकैको घोगा, आलु र सखरखण्ड, खरभुजा आदि र अरू पनि तरकारी बालीमा समावेश गरिएको छ । हाल आएर बढ्दो जनसंख्या, सहरीकरण, प्रचार/प्रसार, जन चेतनाको वृद्धि आदि यावत् कारणले गर्दा तरकारी बालीको माग पनि दिनुहँ बढ्दै गएको छ तथा तरकारी खेती अधिराज्यभरि व्यावसायिक रूपले अघि बढेको पाइन्छ । यसका अतिरिक्त हाम्रो देशको भौगोलिक विविधता तथा भू-बनोटको कारण विभिन्न समयमा विभिन्न प्रकारका तरकारी उत्पादन गर्न सकिनुका साथै उचाइको विविधताको कारण एउटै जातको तरकारी बाली पनि बाह्रै महिना विभिन्न स्थानमा सजिलैसँग उत्पादन गरी बिक्री/वितरण गरी आयआर्जन गर्न सकिन्छ । तरकारी बालीको उत्पादकत्व अन्य बालीको भन्दा धेरै हुने तथा छोटो अवधिमा पनि उत्पादन लिन सकिने भएको हुनाले दिन प्रतिदिन तरकारी खेती व्यावसायिक रूपमा फैलदै गइरहेको छ ।

हाम्रो दैनिक खानामा तरकारीको विशेष महत्व छ । तरकारी उत्पादनबाट हाम्रो खानामा पोषण तत्वको अवस्था सुधार्न सकिने र आम्दानी पनि बढ्ने हुन्छ । तरकारीलाई सुरक्षात्मक सहायक खाद्य वस्तुको रूपमा लिइन्छ ।

### २.१.३ विकासमा महिला

सन् १९५० देखि ७० को दशकसम्म प्रचलित आधुनिकीकरण सिद्धान्तमा आधारित विकास प्रक्रियाले महिलाहरूलाई समेट्न सकेन । आधुनिकीकरणलाई महिलाहरूले आत्मसात गर्न सकेनन्/पाएनन् । विकास योजनामा महिलाहरूलाई खासै महत्व दिइएन । यसै पृष्ठभूमिमा विकासमा महिला अवधारणा देखापरेको हो । विकासमा महिला अवधारणामा मुख्य समस्या भनेको आधा आकाश ओगटेका महिलाहरूलाई विकास प्रक्रियामा सहभागी बनाउन नसक्नु हो । त्यसैले विकास प्रक्रियामा महिलाहरूलाई पनि एकिकृत गर्नुपर्दछ । यसका लागि महिला उत्पादकत्व, स्वास्थ्य, शिक्षा र आयको स्तरमा सुधार हुनुपर्दछ भन्ने मान्यता 'विकासमा महिला' भन्ने अवधारणाले राख्दछ ।

### २.१.४ महिला र विकास

विकासमा महिला अवधारणा प्रस्तुत गरेका रणनीतिहरूबाट मात्रै वास्तविक अर्थमा महिलाको विकास नहुने चर्चा गर्दै सन् १९७० को दशकको उत्तरार्द्धमा महिला र विकास अवधारणाको प्रारम्भ हुन गएको हो । यो परनिर्भरताको सिद्धान्तको पृष्ठभूमिमा आएको अवधारणा हो । महिला र विकास अवधारणाले महिलाको उत्पादक भूमिकालाई मात्रै नभएर पुनरुत्पादक भूमिकामा समेत आफ्नो ध्यान केन्द्रित गरेको छ । यस अवधारणाले महिलाहरू विकास प्रक्रियाको एउटा अंश भएकाले केबल लाभान्वित समूहको रूपमा मात्रै नलिएर महिला र विकासलाई सँगसँगै लैजानुपर्दछ भन्ने मान्यता राख्दछ ।

### २.१.५ जेण्डर र विकास

विकास प्रक्रियामा महिलाहरूलाई समेटिएर तथा महिला र विकास प्रक्रिया बीचको सम्बन्धलाई व्यवस्थित गरेर मात्रै साचो अर्थमा महिलाको विकास हुन नसक्नु र महिलाको विकासमा पुरुषलाई पनि सहभागी गराउनुपर्ने कुरामा जोड दिँदै सन् १९८० को दशकपछि

जेण्डर र विकास भन्ने अवधारणा देखा परेको हो । नारी र पुरुषको सम्बन्धमा सबै महिलाहरू मात्रै तल छन्, कमजोर छन् भन्ने कुरा संसारका सबै समाज, संस्कृति र धर्ममा लागु हुन सक्दैन परिस्थिति अनुसार महिलाभन्दा पुरुष तल परेका पनि हुन सक्छन् । त्यसैले लैङ्गिक विकासले नारी र पुरुषको सम्बन्धमा कमजोर पक्षलाई सशक्तीकरण गरेर समान हैसियतमा प्ऱ्याउनुपर्दछ भन्ने मान्यता राखेको पाइन्छ ।

## २.२ पूर्व अध्ययनको समिक्षा

"कृषि भन्नाले पशु तथा पन्छीपालन व्यवसाय, फलफूल, तरकारी, च्याउ उत्पादन व्यावसाय, माछा, मासु, दुध, फूल र दुग्धजन्य उत्पादन व्यवसायलाई जनाउँछ" (वराल : २०५१) ।

तरकारी खेती सर्वसाधारणको पोषण पारिवारिक स्थितिको सुधारका लागि कृषकहरू समेतको आय तथा रोजगार वृद्धिका लागि महत्वपूर्ण भएको छ। नेपालका अधिकांश जनताहरू गरिब छन्। देशको आाधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सक्दो संलग्न रहे पनि अशिक्षा, अस्वस्थ्य, गरिबी एवं रुढीवादी व्यवहारका कारण सम्पत्ति आय, रोजगार आर्थिक एवम् अन्य स्रोतको पहुचबाट टाढा छन्। जबसम्म महिला र पुरुषवर्ग सँगसँगै पूर्ण रूपमा राष्ट्रिय कार्यमा संलग्न हुँदैनन् तबसम्म देशको आर्थिक स्थितिमा सुधार आउन सक्दैन (रा.यो.आ. : २०५४) आठौं योजनामा शहरी तथा धनाबस्ती क्षेत्रको बजार प्रेरित मार्गको आपूर्तिका लागि व्यवसाहिक खेती र सर्वसाधारणको दैनिक आवश्यकताको लागि करेसावारी खेती प्रबर्द्धन कार्यक्रमको रूपमा तरकारी खेती कार्यक्रम अघि वढाइने छ। प्रत्येक कृषि तालिममा महिलाहरूलाई सहभागि बनाउदै लगिने छ। महिलाहरू अधिक मात्रामा संलग्न हुन सक्ने विषयमा तालिम दिँदा प्राथमिकता महिलाहरूलाई दिइने छ। यस्तो तालिम सञ्चालन गर्दा प्रशिक्षर्थी महिलाहरूलाई उपयुक्त हुने किसिमबाट तालिम कार्यक्रम सञ्चालन गरिने छ (गुरुङ्ग, २०६९) ।

नेपालमा सरकारी स्तरबाट कृषिको विकासका साथसाथै वागवानी विकासमा तरकारी खेतीको विकास भएको पाइन्छ । वि.सं. १९९२ सालमा कृषि विभागको स्थापना भएपछि वि.सं. १९९४ सालमा कृषि विकास बोर्डको स्थापना भयो । त्यसपछि तरकारी खेतीको

वैज्ञानिक तरीकाबाट खेती गर्नुपर्ने महसुस गरी वि.सं. १९९९ मा भारतीय फलफूल तथा तरकारी विशेषज्ञहरूलाई निमन्त्रणा गरी व्यवसायिक बागवानीहरू स्थापना गर्ने सल्लाह गरियो । वि.सं. २०१९ साल सम्ममा भारतीय सहयोग अनुसार देशको विभिन्न भागमा बागवानी केन्द्रहरू स्थापना भएका थिए । यसरी पोखरा र धनकुटामा अनुसन्धान केन्द्रको स्थापना भयो । देशमा मध्ये पहाडी एवम् तराई क्षेत्रलाई तरकारी खेतीको प्राथमिक क्षेत्रका रूपमा विशेषण जोड दिइयो । वि.सं. २०२८ सालमा कृषि विभागको पुनः संरचना भित्र तरकारी तथा फलफुल विकासका लागि छुट्टै निकायको रूपमा रहन पुग्यो । हाल यी निकायहरू योजना तर्जुमा, कार्यान्वयन, प्राविधिक सहयोग र अनुसन्धानमा सक्रिय छन् । हाल देशमा ३३ वटा वागवानी फर्महरू अध्ययन र अनुसन्धानमा कार्यरत छन् । (कृषि सूचना तथा सञ्चार केन्द्रहरूद्वारा प्रकाशित बुलेटिन, २०५७) ।

राजेन्द्र अधिकारीले २००६ सालमा तयार गरि पेश गरेको व्यवसायिक तरकारी खेतीमा महिला विषयमा शोधपत्र तयार पारेका छन् । उनले हेम्जा गा.वि.स. को वडा नं. ४ मा गरिएको यस अध्ययनबाट निम्न निष्कर्ष निकालेका छन् । तरकारी उत्पादन कार्यमा पुरुषभन्दा महिला बढी संलग्न रहेको, तरकारी उत्पादन तथा विक्री वितरणबाट उनीहरूको जीवनस्तरमा सुधार आएको, तरकारी उत्पादन कार्य गर्नु अघि थोरै पैसाका लागि पुरुषसँग हात थाप्नु पर्ने महिलाहरू वर्तमान समयमा आत्मनिर्भर हुनुका साथै उनीहरूको आर्थिक स्थिति, स्वास्थ्य स्थिति आदिमा सुधार आएको देखाएका छन् (अधिकारीः २००६) ।

हाम्रो सामाजिक र आर्थिक अवस्था अनुरूप घरबाट बाहिर ल्याउन नसकिने अवस्थाका महिला कृषकहरूलाई उनीहरूको छिमेकमा घुम्ती विकास तालिम सञ्चालन गर्ने परिपाटीको पनि परिक्षण गरी उपयुक्त र प्रभावकारीता अनुसार विस्तार गरिदैँ लगिने छ (आठौं योजना २०४९-२०५४) ।

यस आर्थिक वर्षमा तरकारी बालीको उत्पादन ६.६९ प्रतिशतले बढ्न गई गत वर्षको २१ लाख ९० हजारबाट २३ लाख २९ हजार मेटन पुग्ने अनुमान गरिएको छ । तरकारी बालीले ढाकेको क्षेत्रफल १ लाख ९८ हजार हेक्टर रहने अनुमान छ । अन्य बालीहरूको साटो प्रमुख नगदे बालीको रूपमा तरकारीको खेती गर्न कृषकहरू आर्कषित भएका कारण यसले ढाकेको

क्षेत्रफल तथा उत्पादन दुवैमा निरन्तर बृद्धि भएको पाइएको छ (आर्थिक सर्वेक्षण: २०६२-०६४)।

नेपालको अन्तरिम संविधान (२०६३) का अनुसार राज्यले किसानलाई प्रोत्सान गरि कृषि क्षेत्रमा उत्पादकत्वबढाइ कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सृजना गरि कृषिलाई उद्योगको रूपमा विकास गर्ने छ। देशमा उपलब्ध आर्थिक साधन र स्रोतलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ण वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रकृया दिए राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशिल गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुने छ ( नेपालको अन्तरिम संविधान २०६४)।

नेपालको अन्तरिम संविधानले राज्यका सबै तहमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरेको छ। तर कार्यान्वयनको स्थिति यस्तो रहेको छ। हेरौं तुलनात्मक तथ्याङ्कहरू जनसङ्ख्या महिला ५१.५० प्रतिशत छ भने पुरुष ४८.५० प्रतिशत साक्षरता दर महिलाको ३४ प्रतिशत छ भने पुरुष ६६ प्रतिशत सुरक्षा अङ्ग (प्रहरी) महिला ६ प्रतिशत छ भने पुरुष ९४ प्रतिशत सुरक्षा अङ्ग (सेना) महिला १.२०% छ भने पुरुष ९८.८९% कृषि महिलाको ६४% छ भने पुरुष ३४% संवैधानिक निकाय महिलाको ५% छ भने पुरुष ९५% न्यायधिस महिलाको २% छ भने पुरुष ९८% चिकित्सा महिलाको ४८% छ भने पुरुष ५२% निजामति सेवा महिलाको १२% छ भने पुरुष ८८% स्वास्थ्यमा पहुँच महिलाको ३५ प्रतिशच छ भने पुरुष ६५ प्रतिशत मतदाता महलिाको ४९ प्रतिशत छ भने पुरुष ५१ प्रतिशत राष्ट्रिय पार्टीको सदस्य महिला ११ प्रतिश छ भने पुरुष ८९ प्रतिशत रहेको छ (नारी मासिक, २०६८)।

नेपालको संविधान २०७२ का अनुसार भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हकहित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी

भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकरण, विविधिकरण र आधुनिकरण गर्ने । भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने (नेपालको संविधान, २०७२) ।

नेपाल एक विकासोन्मुख मुलुक हो । नेपालको कुल जनसख्याको ८२.२ प्रतिशत मानिसहरू कृषिमा आधारित छन् । कृषि उत्पादन तथा प्रशोधनमा महिलाको मुख्य भूमिका रहेकपनि महिलको सामाजिक आर्थिक स्तरको स्थिति कमजोर छ । घरपरिवार देखि लिएर राज्यको निर्णायक प्रक्रिया र शक्ति संरचनाको कुरामा पनि महिलाको सहभागिता न्यून छ । शैक्षिक तथ्याङ्क हेर्दा पुरुष साक्षरतटा ६६ प्रतिशत छ भने महिलाको ३४ प्रतिशत छ । त्यस्तै भूमिका पुरुषको स्वामित्व ९० प्रतिशत छ भने महिलाको १० प्रतिशत रहेको छ (गुरुङ्ग शान्ती : २०६९) । जबसम्म महिलाहरू आर्थिक सामाजिक रूपले आत्मनिर्भर हुँदैनन् तबसम्म उनीहरूमा आत्मबल नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन (थापा, २०६२) ।

डडेलधुरा र डोटी जिल्लाका महिलाहरूले आय आर्जनका लागि तरकारी खेती गरेका छन् । उनीहरू १०वर्षका ग्रामिण महिलाहरू भन्दा केही फरक देखिन्छन् । अधिकांश सफा लुगा, गोडामा चप्पल, गलामा नौगेडी हसिला अनुहार एवम् प्रफुल्ल थिए । उनीहरूले समूहमा आबद्ध भई तरकारी खेतीबाट वार्षिक रु ५५,०००।- सम्म आम्दानी गरेका छन् । आम्दानीलाई पुरुषहरूले मनोमानी रूपमा खर्च गरे पनि समाजमा रहेको पितृसत्तात्मक सोच पिपलको चरा झैं गरिए पनि हामीले हरेस खानु हुँदैन, निराश भएर पाईला रोक्नु भनेको त आपाङ्ग भएर बाँच्नु जस्तै हो भन्दै उनीहरूले आफ्नो स्थितिमा आफैले सुधार ल्याउने हिम्मत सुनाए । उनीहरूका अनुसार तरकारी खेतीबाट हामीलाई धेरै राम्रो भएको छ । परिवारले सागसब्जी खान पाएका छन् । बाँकी बेचेर पैसा आएको छ । उनीहरूको आफ्नै सहकारी छ । प्रत्येक सदस्यले सहकारीमा मासिक रु १५ बचत गरेका छौं । समूहका सदस्यलाई ठूलो काम गर्न पैसाको खाँचो परेमा कम ब्याजदरमा ऋण झिक्न पाइन्छ । समूहमा ज्ञानका कुरा सुन्न सिक्न पाइन्छ । भागेश्वरी समूहकी अध्यक्ष मनु सार्कीले तरकारी खेतीबाट रु ५५,००० आम्दानी गर्ने गरेको बताइन् । यही आम्दानीबाट उनले डडेलधुरामा पक्की घर बनाएकी छिन् । यिनको जस्तो स्थिति आफ्नो बनाउन यहाँका महिलाहरू उत्साहित छन् । यिनको समूहका महिलाहरूले आफ्नो सहकारीमा रु ६५,०००।-सम्म बचत गरिसकेका छन् । समूहले आफ्नो काम र आम्दानीबाट टोलमा खानेपानीको धाराबनाएका

छन् । मुन सार्कीको अनुभवमा नारीलाई आर्थिक रूपले सक्षम बनाउन सके आधारभूत आवश्यकताको परिपूर्तिमा उनीहरू अग्रसर हुन्छन् । यसले महिलाहरूमा स्वतः अगाडि बढ्ने हिम्मत पनि बढाउँछ । यसरी सामान्य व्यवसायिक सिप र मौका उपलब्ध गराउँदा पनि महिलाको स्थितिमा सुधार आउन सक्दो रहेछ (शर्माः २०१०) ।


पोखरामा हेम्जा गाउँका विष्णु पौडेल, लेखनाथ पौड्यालले गाउँकै गौरीशंकर माध्यमिक विद्यालयको १५ रोपनी जग्गा भाडामा लिई कृषिमा आधुनिकिकरण गर्नुका साथसाथै बहुआयामिक कृषिजन्य विकास गरेका छन् । फर्ममा तरकारीहरू मात्र उतपादन गरी १५ वटा दुहुना गाई र ६ हजार जति कुखुरा पलेका छन् । उनीहरूले विकासे घाँस पनि उमारेका छन् । उनीहरूको लगनशिलता देखेर धेरै गाउँले छक्क परेका छन् (शाक्य : २०६५) ।

त्यस्तै कास्की जिल्लाको लाहाचोक गा.वि.समा पनि इमानसिंह गुरुङ्ग, विष्णु अधिकारी युवराज अधिकारीले पनि गाउँका जग्गाहरू भाडामा लिएर कृषिमा आधुनिकीकरण गर्नुका साथसाथै गाई भैसी पालेर दुध व्यवसाय गरेका छन् । उनीहरूले विकासे घाँस पनि उमारेका छन् । उनीहरूको लगनशिलता देखेर गाउँले छक्क परेका छन् । त्यस्तै गरी गाईभैसीको मलबाट तरकारी खेतीमा पनि परिवर्तन आएको छ । रासायनिक मलभन्दा गोबरे मलबाट खेती राम्रो भएको पाइयो (सर्वेक्षणः २०७१) ।

## २.३ अवधारणात्मक खाँका

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले भन्डै एक तिहाई अंश ओगटेको छ । यस क्षेत्रको समष्टिगत विकास गर्न सकेमा मात्र राष्ट्रिय अर्थतन्त्रको आधार सबल र सक्षम हुने अवस्था देखिएको छ । विगतमा कृषि पेशा एक निर्वाहमुखी तथा परम्परागत शैलीमा आधारित थियो । हाल आएर यो क्षेत्र आधुनिकीकरणतिर उन्मुख भइरहेको छ । नेपाल विश्व व्यापार संगठनको सदस्य भैसकेको, हाम्रो भौगोलिक धरातलअनुसार विभिन्न कृषि उपजहरू उत्पादन हुने संभावना भएको, देशका युवा शक्ति कामको खोजीमा विदेशतिर आकर्षित भएर कष्टकर र जोखिम कार्य गर्न बाध्य भएको परिप्रेक्ष्यमा आर्थिक वृद्धि, आयात प्रतिस्थापन, रोजगारी र खाद्यसुरक्षाका लागि कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिक रूपमा नगदे बालीलाई प्राथमिकता दिनु आवश्यक छ । अब युवा शक्तिलाई राम्रो प्रशिक्षण दिएर आफ्नै जन्मभूमिमा कृषि पेशामार्फत अघि बढ्न सक्ने योजना बनाउनुपर्छ ।

**अवधारणात्मक खाँका**




तरकारी उत्पादनका नयाँ-नयाँ प्रविधिको विकास भएपछि कृषकहरूमा पनि उतपादनका आधुनिक तरकारीहरूको प्रभाव पर्दै जान्छ । आधुनिक मल, बिउ, प्रविधिको कारणले उत्पादनमा वृद्धि हुन्छ । नयाँ नयाँ जातका तरकारी उत्पादनमा वृद्धि हुन्छ । त्यसबाट कृषकहरूले धेरै आम्दानी गर्न सक्छन् । आर्थिक परिवर्तनका साथै महिलाहरूको अन्य पक्षमा पनि परिवर्तन हुँदै जान्छ । तरकारी उत्पादनलाई प्रभाव पार्ने प्राविधिक पक्षहरू अन्तर्गत आधुनिक बिउ, बिजन र आधुनिक उपचार पद्धति रहेका छन् । यसले तरकारी उत्पादनमा प्रभाव पार्दछ । वर्तमान समयमा बढी उत्पादन गरी नाफा कमाउने उद्देश्यले तरकारी उत्पादनलाई व्यवसायिक रूपमा विस्तार गरेका छन् । तरकारी उत्पादनमा आधुनिक मल, विउविजन, आधुनिक उपकरण तथा तरकारी उत्पादनमा लाग्ने रोग किरा अनि रोकथामका उपायहरूको प्रयोगले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ जसको कारण उत्पादनमा वृद्धि हुन जान्छ ।

तरकारी उत्पादनमा भएको वृद्धिले कृषकहरूको सामाजिक र आर्थिक अवसथामा प्रभाव पारेको हुन्छ । यसको कारणले कृषकको आर्थिक उपार्जन, चेतनाको विकास, स्वास्थ्य, रोजगारी र बचत, सामाजिक मूल्य मानयता, संस्थागत विकास आदिमा सकारात्मक प्रभाव पारेको पाइन्छ । यसरी तरकारी उत्पादनमा कृषि हुँदा कृषकको आर्थिक अवस्थामा वृद्धि भएको हुन्छ । आर्थिक अवस्थाको सुधारले जीवनका हरेक पक्षमा सुधार गर्ने देखिन्छ । कृषकहरू आर्थिक सुधारसँगै सामाजिक कार्यमा पनि लागेका छन् । सामाजिक कार्यमा समूहका सबै पनि जाने गरेका छन् । उनीहरू सामूहिक रूपमा पनि सामाजिक कार्यमा छलफल गर्ने गर्दछन् । यो कुरा अध्ययनबाट थाहा हुन्छ । कृषकहरू समय-समयमा तालिममा जाने हुँदा उनीहरूको चेतनामा विकास भएको पाइन्छ । तरकारी उत्पादनका क्रममा विभिन्न समस्याहरू देखिन्छन् र स्वयम् कृषकहरू नै एक आपसमा छलफल गरी समस्याहरू आफै समाधान गर्ने गर्दछन् । मानिसको हरेक पक्षमा परिवर्तन ल्याउने माध्यम भनेको आर्थिक पक्ष हो । तरकारी उत्पादनले आर्थिक पक्षमा सुधार गरेको पाइन्छ । आर्थिक पक्षमा आएको सुधारले सामाजिक लगायत सम्पूर्ण क्षेत्रमा सुधार देखिएको छ । उनीहरू तरकारी उत्पादनबाट आएको आम्दानी आफ्नो खर्च चलाएर समूह र सहकारीमा बचत गरेका छन् । यसले गर्दा कृषकहरूको जीवनशैलीमा नै परिवर्तन आएको पाइन्छ ।

# अध्याय तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई अगाडि बढाई निष्कर्षमा पुग्न निश्चित विधि अवलम्बन गर्नुपर्दछ त्यसकारण यस अध्ययनमा निम्न विधि प्रयोग गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

लाहाचोक गा.वि.स. तरकारी खेतीमा प्रख्यात छ र त्यहाँ दैनिक उपयोग र व्यवसायिक रूपमा पनि तरकारी उत्पादन गरिने र यस क्षेत्रको अझैसम्म अध्ययन नभएको हुनाले तरकारी सम्बन्धी जिज्ञासा उत्पन्न भयो र तरकारी खेती कसरी गर्दा रहेछन् । त्यसमा कसको भूमिका बढी रहेको छ ? भन्ने जिज्ञासाले यो अध्ययन छनौट गरिएको हो । यो अध्ययन कृषिमा आधारित भएकोले आगामी कृषकहरूका लागि उपयोगी देखिन्छ । यस अध्ययययनले ग्रामिण समाजमा कृषि क्षेत्रले परिवारको आर्थिक र सामाजिक अवस्थामा कस्तो भूमिका खेलेको छ भन्ने बारेमा अध्ययन गर्ने अवसर मिलेको छ । यस अध्ययनको परिणामले आउँदो समयमा तरकारी उत्पादन सम्बन्धीका नीतिहरूमा सुधार गरी तरकारी सम्बन्धी योजना र विकास गर्नका निम्ति संस्थाहरूलाई प्रभावकारी योजना ल्याउन सहयोग गर्नेछ, यो नै यस अध्ययनको औचित्य बनेको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन अन्वेषणात्मक र वर्णनात्मक दुवै ढाँचामा गरिएको छ । तरकारी उत्पादनले कृषकको कृषकको जीवनमा पारेको प्रभाव अत्यन्त उद्देश्यहरू प्राप्तिका लागि तरकारी खेतीसँग प्रत्यक्ष सम्बन्ध राख्ने कृषक, कृषक समूहका पदाधिकारीसँग अर्न्तवार्ता अनुसुची, अवलोकन विधि तथा वैयक्तिक अध्ययन प्रयोगमा ल्याइएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्धितिय खालका स्रोतहरू प्रयोग गरी सूचना सङ्कलन गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत वैयक्तिक अध्ययन, अवलोकन विधि र अर्न्तवार्ता अनुसूची

पर्दछन् भने द्वितिय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल पुस्तक तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ। साथै अध्ययनको आवश्यकताअनुसार सङ्ख्यात्मक र गुणात्मक तथ्यहरू संकलन गरी समावेश गरिएको छ।

## ३.४ समग्रता र नमुना छनोट विधि

प्रस्तुत अनुसन्धानमा अध्ययनको क्षेत्र कास्की जिल्लाको लाहाचोक गा.वि.स. वडा नं. ६ र ७ अन्तर्गत साना किसान टोल विकास समितिमा तरकारी उत्पादनमा लागेका कृषकमा गरिएको अध्ययन हो । यि वडाहरूमा ११७ वटा घरधुरी रहेका छन् ति मध्ये १०२ वटा घरधुरीले मात्र व्यवसायिक रूपमा तरकारी उत्पादन गर्दछन् । १०२ घरधुरीका कृषिमा संलग्न ७६ महिला र २६ पुरुषलाई उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी उत्तरदाता छनोट गरिएको छ। १०२ घरधुरीको नै अध्ययन गरिने भएकाले जनगणना विधि अवलम्बन गरिएको छ।

## ३.५ पूर्व परिक्षण

अनुसन्धानकर्ताले कृषि उत्पादनमा लागेका कृषकहरूको विविध पक्ष बुझ्नका लागि बनाइएको अन्तवार्ता अनुसूचीको सही मूल्याङ्कनका लागि पूर्व परीक्षण गरिएको थियो । जसको लागि कास्की जिल्लाको मालेपाटन वडा नं. ५ का कृषकहरूलाई प्रश्नावली अनुसूची भराइएको थियो । जसबाट अनावश्यक र अस्पष्ट प्रश्नहरू हटाई आवश्यक मात्र राखी प्रश्नको पून निर्माण गरिएको थियो । जुन पुनः परिक्षणको सहायताले शोधपत्रको उद्देश्यअनुरूप तथ्याङ्क सङ्कलन गर्नमा सहयोग प्राप्त भएको छ।

## ३.६ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

कुनै पनि अधययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न तथ्याङ्क सङ्कलन विधिहरू अवलम्बन गरिएको हुन्छ। यसम प्रार्थमिक र द्वितीय खालका स्रोतलाई आधार मानिएको छ। प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता अनुसूची, अवलोकन विधि र व्यक्तिगत अध्ययनबाट सूचना सङ्कलन गरिएको छ । द्वितीय स्रोत प्रयोग गरिएता पनि प्राथमिक स्रोतलाई बढी प्राथमिकता दिइएको छ।

### क)   अन्तर्वार्ता अनुसूचि

अर्न्तवार्ता अनुसूची प्राथमिक तथ्याङ्क सङ्कलनको एक विधि हो । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि व्यक्तिगत अन्तवार्ताका माध्यमले कृषकहरूसँगै उद्देश्य अनुरूप आवश्यक प्रश्नहरूको संरचना तयार गरि अनुसन्धानकर्ता स्वयम्ले तथ्याङ्क लिएको छ ।

### ख)   अवलोकन विधि

अवलोकन तथ्याङ्क सङ्कलनको एक महत्वपूर्ण विधि हो । यस विधिद्वारा अध्ययन गर्दा कृषकहरू तरकारी उत्पादनमा लाग्ने समयमा उनीहरूको क्रियाकलाप अवलोकन गरिएको छ । तरकारी उत्पादनका समयमा उनीहरू समूहमा कसरी काम गर्छन् । तरकारी उत्पादनपछि तरकारी कसरी बेचविखन गर्छन् । यिनै क्रियाकलापमा अवलोकन गरिएको छ ।

### ग)   व्यक्तिगत घटना अध्ययन

यसमा अध्ययनका लागि छनोटमा परेका कृषकहरूबाट पुनः कृषकहरूलाई छनोट गरी व्यक्तिगत विवरण तयार गरिएको छ । यस अध्ययनमा आफ्नो २ रोपनी जग्गा भएकी र ५ रोपनी अधियाँ लिएकी १ महिला, तरकारी उत्पादनबाट आर्थिक प्रगति गरेकी १ महिला, तरकारी उत्पादनबाट आर्थिक प्रगति हासिल गरेका १ पुरुष, त्यसैगरी तरकारी उत्पादनमा लागेर आफ्नो जीवनमा परिवर्तन ल्याएका १ पुरुष र तरकारी बेच्ने एक महिला छनोट गरि व्यक्तिगत विवरण तयार गरिएको छ ।

## ३.७   अध्ययन अवधिका कठिनाइहरू

शोधकर्ताले तरकारीको विउ राख्ने समयदेखि तरकारी बेच्ने समयसम्म अवलोकन गरेको हुँदा र तरकारी उत्पादनमा कृषकहरू व्यस्त हुने हुँदा धेरै पटक सम्म कार्य क्षेत्रमा जानु परेको थियो । अन्तरवार्ता अनुसूची भर्न र वैयक्तिक अध्ययनका लागि पनि पटक-पटक जानु परेको थियो । किनभने उनीहरूले चाहेको समय उनीहरूको खुसी अनुसार यो अध्ययन तयार गरिएको थियो ।

## ३.८ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण

अनुसन्धानकर्ताले अध्ययनका क्रममा धेरै तथ्याङ्क सङ्कलन गर्नुपर्ने छ। शोधपत्रमा प्रस्तुत गर्नुपर्ने विभिन्न स्रोतबाट प्राप्त गुणात्मक सूचनालाई व्यवस्थित रूपमा विश्लेषण गरी सामान्य गणितीय औजारको सहायताले मात्रात्मक तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । तालिकाका माध्यमबाट मात्रात्मक तथ्याङ्कको प्रतिशतलाई प्रस्तुत गरिएको छ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय तथा सामाजिक, आर्थिक विशेषता

## ४.१ अध्ययन क्षेत्रको सामाजिक परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तर्गत पर्ने कास्की जिल्ला एक पहाडी जिल्ला हो । कास्की जिल्लामा रहेका गा.वि.स हरूमध्ये लाहाचोक पनि एक हो । यस गा.वि.स. को धेरै जसो भू-भाग हरियाली डाडाँ काडाँ वनजङ्गल र नदी नालाले ढाकेको छ । यस गा.वि.स. का गाउँहरू विभिन्न नामले परिचित छन् । यस गा.वि.स. को नामाकरण सम्बन्धमा विभिन्न जनश्रुतिहरू पाइन्छन् । यिनीहरूमध्ये धेरैले आधार मानेको श्रुति अनुसार द्वापारयुगको अन्त्यमा महाभारतकालमा पाण्डवहरूलाई छल गरी मार्नका निम्ति कौरवहरूले यस क्षेत्रमा लाहाको दरबार बनाई त्यस दरबारमा पाण्डवहरूलाई पठाएर (भस्म गर्ने अभिप्रायले) घर जलाएको तर पाण्डवहरू गुप्तमार्गबाट भूमिगत रूपमा पातीखोलाको गुफा हुँदै बाहिर आएको भन्ने बुझिन्छ । यसकारण यहाँ लाहाको दरबार बनेकोले लाहाचोक भनिएको हुन सक्छ । यहाँ गुरुङ्ग, नेवार, मगर, तामाङ, क्षेत्री, सुनुवार, परियार, सार्की जस्ता जनजातिहरूको बसोबास रहेको छ । यहाँका बासिन्दाहरूको प्रमुख चाडपर्वको रूपमा दशैं, तिहार, तिज, जनैपूर्णिमा, ल्होसार, सरस्वतीपूजा मनाउने गर्दछन् । बस्तीको वरिपरि क्षेत्रको अधिकांश जमिन कृषि कार्यमा प्रयोग गरिएको छ ।

## ४.२ आम्दानीका अन्य स्रोतहरू

यस गा.वि.स.को आय तथा रोजगार अभिवृद्धिको प्रमुख आधार र उत्पादनको प्रमुख स्रोत कृषि नै रहेको छ । यस गा.वि.स. मा कृषिका अलवा अन्य आय र रोजगार निम्न रहेका छन् । जस्तैः व्यापार श्रमिक/ज्याला, जागिर, पशुपालन, उद्योग, वैदेशिक रोजगार आदि रहेका छन् ।

## ४.३ अध्ययन क्षेत्रमा सहयोगी संघ संस्थाहरू

यो गा.वि.स. मा अनुपम प्राकृतिक सम्पदा र ऐतिहासिक महत्व बोकेको एक गाउँ हो । यहाँका बहुसख्य जनताहरू कृषि पेशामा आश्रित रहेका छन् । वैदेशिक रोजगार एक वैकल्पिक पेसाका रूपमा विकसित भैरहेको छ । स्थानीय विकास निर्माणको लागि समुदायको चासो र सहभागिता राम्रो देखिन्छ । गाउँ र टोल टोलमा गठन भएका आमा समूह, कृषक समूह र युवा क्लबको सक्रियताले सामाजिक कामलाई सहज बनाएको पाइन्छ । त्यस्तै गरी विभिन्न गैर सरकारी संस्थाले पनि काम गरेको पाइन्छ । पशुपालनमा महिला सशक्तिकरण, वन व्यवस्थापनको लागि ACAP, अर्गानिक तरकारी उत्पादनको लागि कारिवास नेपाल र आइडी नेपाल र स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउने सरकारी तथा गैर सरकारी संस्थाले मुख्य भूमिका खेलेका छन् ।

## ४.४ उत्तरदाताको जातिगत विवरण

जात मानव सभ्यताको एक महत्वपूर्ण विशेषता हो । समाजमा जातिका आधारमा पेसा, सामाजिक सम्बन्ध, व्यक्तिको हैसियत र भूमिका निर्धारण भएको हुन्छ । नेपाल एक बहुजाति, बहुभाषी राष्ट्र हो । जहाँ विभिन्न जातजातिहरू बसोबास गर्छन् । नेपालको सन्दर्भमा उच्च जात र निम्न जातमा मानिसहरू विभाजित रहेका छन् । समयको परिवर्तनसँगै जातजातिको दुरी पनि कम हुँदै गएको पाइन्छ । यसका मुख्य बासिन्दाहरूमा ब्राह्मण क्षेत्री, नेवार र गुरुङ्ग, मगर कामी, सार्की, दमाई जातिहरू प्रायः सबै वडाहरूमा रहेका छन् । यस अध्ययनमा उत्तरदाताको विवरण मात्र तयार पारिएको छ ।

**तालिका ४.१: उत्तरदाताको जातजातिको अवस्था**

| जात/ जाति | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | ६५ | ६३.७२ |
| जनजाति | २५ | २४.५० |
| दलित | १२ | ११.७८ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ४.१ हेर्दा यस गा.वि.स. मा जातीय हिसाबले ब्राह्मण/क्षेत्री नै बढी देखिन्छ । तरकारी उत्पादनमा लागेका किसानहरूलाई जातियताका आधारमा हेर्दा ब्राह्मण/क्षेत्री ६३°७२ प्रतिशत, जनजाति २४.५० प्रतिशत र दलित ११.७८ प्रतिशत रहेका छन् । यसरी हेर्दा गा.वि.स. मा ब्राह्मण/क्षेत्रीको बढी बाहुल्यता देखिन्छ ।

## ४.५ उत्तरदाताको भाषागत विवरण

भाषा विचार विनिमयको साधन हो । भाषाको माध्यमबाट एक व्यक्तिले अर्को व्यक्तिको अभिव्यक्तिलाई बुझ्ने र बुझाउने काम गर्दछ । परिवारमा जुन भाषाको प्रयोग गरिन्छ । बालबच्चाहरूमा पनि त्यही भाषाको प्रभाव पर्दछ । यसरी परिवारमा बोलिने भाषालाई मातृभाषा भनिन्छ । नेपालको राष्ट्रिय भाषा नेपाली हो । मूल भाषा नेपाली भए पनि यस गा.वि.स. मा विभिन्न भाषा बोल्ने जनजातिहरूको बसोबास रहेको छ । यस गा.वि.स. मा पनि जनजातिहरू आफ्नो भाषा र अन्य जातिहरू नेपाली भाषा बोल्न गरेको पाइयो । जनजातिहरू पनि प्राय नेपाली भाषा नै प्रयोग गर्ने गरेको पाइयो । केही जनजातिहरू मात्र आफ्नो भाषा बोल्ने गरेको पाइयो । भाषाका आधारमा तरकारी उत्पादनमा लागेका कृषकहरूको जनसङ्ख्याको मात्र तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२: उत्तरदाताको भाषागत विवरण उत्तरदाताको सङ्ख्या**

| भाषा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ९० | ८८.२३ |
| गुरुङ्ग | १० | ९.८० |
| मगर | २ | १.९७ |
| जम्मा | १०२ | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

माथिको तालिकामा उल्लेख भएअनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको भाषागत हिसाबले हेर्दा नेपाली, गुरुङ्ग र मगर भाषा बोल्ने उत्तरदाताहरू रहेको पाइयो । तरकारी उत्पादनमा लागेका कृषकहरूको भाषागत आधारमा हेर्दा सबैभन्दा बढी नेपाली भाषा बोल्ने ८८.३३ प्रतिशत गुरुङ्ग र ९.८० प्रतिशत र मगर भाषा बोल्ने १.९७ प्रतिशत जनसङ्ख्या रहेको

पाइयो । विशेष गरी तरकारी उत्पादनमा लागेका कृषकहरूमा नेपाली बोल्ने ८८.२३ प्रतिशत रहेको पाइयो । यस क्षेत्रमा नेपाली भाषा मातृभाषा बनाएर बोलचाल गर्ने उत्तरदाताको सङ्ख्या बढी भेटियो ।

## ४.६ उत्तरदाताको धार्मिक अवस्था

प्राचिन समयमा समाजलाई एकता र नियमको घेराभित्र राख्न सक्ने एकमात्र हतियार भनेको धर्म नै हो । कानुनको निर्माण नहुन्जेलसम्म समाजलाई एकतामा बाँध्ने काम धर्मले नै गरेको थियो । समयको परिवर्तनसँगै नेपालमा पनि विभिन्न धर्मको विकास भएको पाइन्छ । धर्मलाई मानवले अलौकिक शक्तिका रूपमा विश्वास गरेको पाइन्छ । धर्म मानव समाजको एक सामाजिक संस्था भएकोले मानव जीवनमा विश्वास एवम् क्रियाकलाप दुवैलाई निर्धारण गरेको हुन्छ । यस गा.वि.स. मा पनि विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास पाइन्छ ।

**तालिका ४.३ : उत्तरदाताको धार्मिक विवरण**

| धर्म | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ८० | ७८.४३ |
| बौद्ध | १० | ९.८० |
| हिन्दु र बौद्ध | १० | ९.८० |
| क्रिश्चियन | २ | १.९७ |
| जम्मा | १०२ | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

नेपालमा विभिन्न धर्म मान्ने मानिसहरू रहेका छन् । यस गा.वि.स. मा पनि विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्छन् । तरकारी उत्पादनमा लागेका कृषकहरूको जनसङ्ख्याको ७८.४३ प्रतिशत हिन्दु धर्म मान्दछन् । त्यसैगरी बौद्ध धर्म मान्ने कृषकहरूको सङ्ख्या ९.८० प्रतिशत रहेको छ भने, हिन्दु र बौद्ध धर्म मान्ने कृषकहरूको सङ्ख्या ९.८० प्रतिशत रहेको छ भने क्रिश्चियन धर्म मान्ने कृषकहरूको सङ्ख्या १.९७ प्रतिशत रहेको छ ।

## ४.७ उत्तरदाताको उमेरगत विवरण

कुनै पनि क्षेत्रको जनसङ्ख्यामा उमेर एउटा महत्वपुर्ण सामाजिक तत्व हो । उमेरले विभिनन कार्यमा विभिन्नता ल्याउँछ । उमेरकै आधारमा व्यक्तिको सामाजि हैसियत निर्धारण हुन्छ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेरले मानिसहरूको सामाजिक विकास, चेतना, रोजाइ, निर्णय गर्ने क्षमता, आर्थिक क्रियाकलाप जस्ता क्षेत्रमा प्रभाव पार्दछ । अध्ययनको सिमाभित्र रहेका कृषकहरूलाई उमेरका आधारमा विभिन्न समूहमा वर्गीकरण गरी हेरिएको छ । जसलाई निम्न अनुसारको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.४: उत्तरदाताको उमेरगत विवरण**

| उमेर | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५-२५ | १० | ९.८१ |
| २५-३५ | ४० | ३९.२१ |
| ३५ -४५ | ४५ | ४४.११ |
| ४५ भन्दा माथि | ७ | ६.८७ |
| जम्मा | १०२ | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ४.४ अनुसार १५-२५ वर्ष उमेरका ९.८१ प्रतिशत, २५-३५ वर्ष उमेरका ३९.२१ प्रतिशत, ३५-४५ वर्ष उमेरका ४४.११ प्रतिशत र ४५ भन्दा माथिको ६.८७ प्रतिशत रहेको छ । यसरी सर्वेक्षणको तालिका अनुसा सबैभन्दा बढी सङ्ख्या ३५.४५ वर्ष उमेरका ४४.११ प्रतिशत कृषकहरूको सङ्ख्या रहेको छ ।

## ४.८ उत्तरदाताको शैक्षिक अवस्था

मानव विकासका लागि शिक्षा अति नै महत्वपुण मानिन्छ । शिक्षा समाज र राष्ट्र निर्माणको मेरुदण्ड हो । शिक्षाले हरेक क्षेत्रको आधारभूत आवश्यकतापूर्ण गर्न सहयोगी भूमिका निर्वाह गर्दछ । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तरनिहित प्रतिभाको विकास भई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । अध्ययन गरिएको तरकारी उत्पादनमा लागेका ग्रामिण कृषकहरूको शैक्षिक अवस्थालाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गरिएको छ । शिक्षाको अवस्थालाई तलको तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५: उत्तरदाताको शैक्षिक विवरण**

| शिक्षा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८ | ७.८४ |
| साक्षर | १५ | १४.७१ |
| प्रा.वि. | ४० | ३९.२१ |
| मा.वि. | ३५ | ३४.३१ |
| मा.वि. भन्दा माथि | ४ | ३.९३ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ४.५ को अनुसार पढ्न लेख्न नजान्नेलाई निरक्षर जसमा ८ जना अर्थात ७.८४ प्रतिशत अलिअलि पढ्न लेख्न जान्नेलाई साक्षर जसमा १५ अर्थात १४.७१ प्रतिशत, प्रा.वि. सम्मको ४५ जना ३४.१९ प्रतिशत र मा.वि. ४० जना ३९.२१ प्रतिशत र मा.वि. भन्दा माथि ३.९३ प्रतिशत रहेको छ । सर्वेक्षणको तालिकाअनुसार सबैभन्दा बढी सङ्ख्या प्रा.वि सम्मको शिक्षाको रहेको पाइयो ।

## ४.९ उत्तरदाताको पारिवारिक संरचना

परिवार समाज निर्माणको आधार हो । विशेष गरी नेपालमा एकल र संयुक्त गरी दुई प्रकारका परिवार पाइन्छन् । समयको परिवर्तनसँगै परिवारको संरचनामा पनि परिवर्तन हुँदै आएको पाइन्छ । यो प्रभाव गाउँ गाउँमा पनि परेको देखिन्छ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको पारिवारिक संरचनालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६: उत्तरदाताको परिवारको स्वरूप**

| परिवार | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ८५ | ८३.३३ |
| संयुक्त | १७ | १६.६७ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ४.६ अनुसार एकात्मक परिवारको सङ्ख्या ८५ अर्थात ८३.३३ प्रतिशत र संयुक्त परिवारको सङ्ख्या १७ अर्थात् १६.६७ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रका

उत्तरदाताहरूमा एकात्मक परिवारको सङ्ख्या बढी पाइयो । वर्तमान अवस्थामा एकल परिवारमा बस्ने मानिसहरूको चाहना रहेको अध्ययनले देखाएको छ ।

### ४.९.१ उत्तरदाताहरूको कृषि बाहेक अन्य पेसा

नेपाल कृषि प्रधान देश हो । नेपालमा अधिकांश जनताहरू कृषिमा नै आश्रित रहेका छन् । ग्रामिण भेगमा त कृषि बाहेक अन्य विकल्प नै हुँदैन । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाताहरूमा पनि अन्य पेसा के छ भनि हेर्न खोजिएको छ । कृषिका अलवा अन्य के काम गर्छन् भन्ने कुरा हेरिएको छ । उत्तरदाताहरूमा कृषि बाहेक अन्य पोमा ज्यालादारीका साथै अन्य विभिन्न पेसा भएको पाइयो । उत्तरदाताहरूको कृषि बाहेक अन्य पेसालाई तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका ४.७ : उत्तरदाताहरूको कृषिको अलवा अन्य पेसा**

| अन्य पेसा | सङ्ख्या | प्रतिशत | पेसा (हुने) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| हुने | १५ | २७.३ | ज्यालादारी | ११ | ७३.३ |
| नहुने | ८७ | ७२.७ | काठ मिल | १ | ६.७ |
| | | | स्वयम् सेविका | १ | ६.७ |
| | | | कुखुरा + बाखा पालन | २ | १३.३ |
| **जम्मा** | **१०२** | **१००** | **जम्मा** | **१५** | **१००** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ४.७ अनुसार कृषि बाहेक अन्य पेसा हुने उत्तरदाताहरूको सङ्ख्या १५ अर्थात २७.३ प्रतिशत र अन्य पो नहुनेको सङ्ख्या ८७ अर्थात ७२.७ प्रतिहत रहेको पाइयो ।

# अध्याय पाँच

# अध्ययन क्षेत्रमा तरकारी उत्पादन र परिवर्तनको अवस्था

## ५.१ तरकारीको महत्व

मानव सभ्यताको विकासक्रम सँगसँगै आफ्नो जीवनलाइ सहज बनाउन कृषि पेशालाई अवलम्बन गर्ने क्रममा तरकारी खेती गर्ने परम्परा प्राचिन कालदेखि नै चलिआएको पाइन्छ । तरकारीबाट हामीले हाम्रो शरीरका लागि आवश्यक तत्वहरू प्राप्त गर्न सक्दछौं । तरकारीको अभावमा हाम्रो शरीर कमजोर हुनुका साथै बिरामी हुने तथा कुपोषण हुने जस्ता समस्याहरू देखापर्दछन् । त्यसैले मानिस स्वस्थ रहनाका लागि पनि हाम्रो खानामा आवश्यक मात्रामा तरकारीको प्रयोग गर्नुपर्दछ । तरकारीबाट विभिन्न किसिमका भिटामिन तथा प्रोटिनहरू प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान नहुनु अर्थात् शिक्षाको कमीले गर्दा तरकारी खेतीले विगतमा व्यवसायिक रूप लिन सकेको थिएन । समयको परिवर्तनसँगै मानिसहरूमा आएको चेतनाले गर्दा तरकारी खेती एक व्यवसायको रूपमा विस्तार हुँदै आएको छ ।

यस गा.वि.स. मा व्यवसायिक तरकारी खेतीको त्यति लामो इतिहास पाइँदैन् । सडक यातायातको अभाव जनताको शैक्षिक अवस्था कमजोर हुनुजस्ता कारणहरूले गर्दा परम्परागत रूपमा खेती गर्दै आएका किसानहरूले आफ्नो घरमा बढी उत्पादन भएका तरकारी छरछिमेकी तथा इष्टमित्र कहाँ लगिदिने, वस्तु विनिमय गर्ने तथा त्यसबाट पनि बचेको तरकारीलाई मसिनो बनाएर काटेर घाममा सुकाएर तरकारी उत्पादन नहुने समयमा खाने गर्दथे । विगतका केही वर्षपछि विभिन्न गैरसरकारी संस्था जस्तैः डानिदा नेपाल, कारिवास नेपाल जस्ता संस्थाहरूको सहयोगबाट यस क्षेत्रमा जनचेतनामूलक कार्यक्रमहरू दिइएको यस अध्ययनका क्रममा कृषकहरूबाट जानकारी पाइएको छ । वर्तमान समयमा यहाँका कृषकहरू व्यवसायिक रूपमा नै तरकारी उत्पादनमा लागेका छन् । यहाँका कृषकहरूले व्यक्तिगत र सामूहिक रूपमा तरकारी लगाउने गरेका छन् । सामूहिक तरकारीसँगै प्रत्येक घरमा उनीहरू तरकारीको उत्पादन र आम्दानी गरिरहेका छन् ।

## ५.२ तरकारी उत्पादनको अवस्था

परम्परागत रूपमा केही मात्रामा तरकारी लगाउँदै आएका यहाँका कृषकहरूले तरकारी उत्पादनलाई व्यवसायिक रूपमा विस्तार गरेका छन् । वर्तमान समयमा तरकारीको बिउ छनोट गर्दा उन्नत जातको बिउ छनोट गर्न थालेका छन् भने बेमौसमी खेतीतर्फ आकर्षित भएका छन् । यहाँ दुवै थरीका तरकारी लगाउने गर्छन् । आजभोलि समाजमा सबै जनाको घरमा ताजा तरकारी खाने गर्दछन् र उनीहरू खानाका साथै तरकारी बेचेरै घरखर्च चलाउने गर्दछन् । शहरी क्षेत्र र घना बस्तीहरूमा तरकारी खानु पर्दछ भन्ने धारणाको फलस्वरूप तरकारीको माग बढी हुनु र कुनै तरकारीको वर्षभरी माग भइरहनु जस्ता कारणले बेमौसमी तरकारीको माग बढीरहेको छ । नेपालमा मुख्यतया आषाढदेखि मंसिर महिनासम्म उत्पादन गरिने तरकारीलाई बेमौसमी तरकारीको रूपमा चिनिन्छ । बेमौसमी तरकारीबाट आम्दानी बढी हुने भएकाले धेरै कृषकहरू बेमौसमी तरकारी उत्पादन गर्न लागेका छन् ।

तरकारी उत्पादनलाई व्यवसायिक गर्नका लागि कुन तरकारी कुन समयमा लगाउँदा बढी फाइदा लिन सकिन्छ भन्ने जानकारी कृषकहरूमा हुनुपर्दछ, जसलाई तलको तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ५.१: तरकारी उत्पादनको लागि मौसमी तथा बेमौसमी महिनाहरू**

| **क्र.सं.** | **तरकारीहरू** | **मौसमी महिना** | **बेमौसमी महिना** | **बेमौसमी तरकारी उत्पादन महिना** | **रोप्ने समय** |
|---|---|---|---|---|---|
| १. | काउली | पौष-चैत्र | बैशाख-मंसिर | बैशाख-कार्तिक | फाल्गुन-भाद्र |
| २ | बन्दा | पौष-जेठ | आषाढ-मंसिर | बैशाख-कार्तिक | बैशाख-भाद्र |
| ३ | ब्रोकाउली | पौष-चैत्र | बैशाख-मंसिर | बैशाख-कार्तिक | चैत्र-फाल्गुण |
| ४ | गोलभेडा | पौष-जेष्ठ | आषाढ-मंसिर | आषाढ-कार्तिक | बैशाख-भाद्र |
| ५. | गाजर | मंसिर -जेठ | आषाढ-मंसिर | आषाढ-कार्तिक | बैशाख-भाद्र |
| ६ | भेडे खुर्सानी | जेठ-श्रावण | असोज-चैत्र | असोज-कार्तिक | आषाढ-श्रावण |
| ७ | सिमि | बैशाख-श्रावण<br>कार्तिक-मंसिर | भाद्र-असोज<br>माघ-चैत्र | भाद्र -असोज | आषाढ-भाद्र |
| ८ | प्याज | चैत्र-श्रावण | भाद्र-फाल्गुन | असोज-कार्तिक | आषाढ-भाद्र |
| ९ | केराउ | पौष-चैत्र | बैशाख-मंसिर | बैशाख-कार्तिक | फाल्गुण-भाद्र |
| १० | बकुल्ला | माग-फाल्गुण | असोज-**माघ** | असोज-माघ | श्रावण-भाद्र |
| ११ | काक्रो | चैत्र -असोज | कार्तिक-फाल्गुण | बैशाख-असोज | माघ-श्रावण |
| १२ | मुला | मंसिर-फाल्गुण | चैत्र -कार्तिक | बैशाख-कार्तिक | फाल्गुण-भाद्र |
| १३ | घिरौला | आषाढ-असोज | चैत्र-जेष्ठ | जेष्ठ-भाद्र | चैत्र-जेष्ठ |
| १४ | बोडी | भाद्र-कार्तिक | बैशाख-श्रावण | आषाढ-भाद्र | बैशाख-आषाढ |

*स्रोतः श्रेष्ठ र अन्य, २०६६*

## ५.३ तरकारीका लागि उत्पादन गरिने मुख्य बालीहरू

लाहाचोक गा.वि.स. वडा नं. ६ र ७ मा रहेको जमिन समतल र सिंचाईको राम्रो व्यवस्था रहेको ठाउँ छ । यहाँ अन्नर तरकारी दुवै लगाइन्छ । यहाँ लगाइन अन्न बालीहरूमा धान, मकै, कोदो, गहुँ, तोरी मुख्य रहेका छन् । त्यसैगरी तरकारी उत्पादनमा बन्दा, काउली, ब्रोकाउली, गोलभेडा, करेला, घिरौला, काक्रो, आलु, प्याज, लसुन, सागपात, खुर्सानी, लौका, सिमी, बोडी, जुकुने, फर्सी, केराउ, रहेका छन् ।

## ५.४ उत्तरदाताहरूमा जमिनको अवस्था

नेपाल एक कृषि प्रधान देश भए तापनि देशको १८ प्रतिशत भूमि मात्र कृषि योग्य छ । ६० प्रतिशत किसानहरूसँग २० रोपनीभन्दा कम जग्गा जमिन छ । जसको स्वामित्वमा कुल कृषियोग्य जमिनको ३० प्रतिशत भू-भाग मात्र पर्दछ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूमा पनि जमिनको भू-स्वामित्व न्यून रहेको, अथवा जमिन नै नभएकोले अर्काको जमिन अधिया अथवा भाडामा लिएर पनि तरकारी उत्पादन गरेको पाइन्छ । त्यसैले अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको जग्गा जमिनको अवस्था कस्तो छ भनेर अध्ययन गरिएको थियो । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको जमिनको अवस्था तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका ५.२ : उत्तरदाताहरूमा जमिन हुने र नहुनेको जातजातिको अवस्था**

| रोपनीमा | सङ्ख्या | प्रतिशत | नहुनेको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १-३ रोपनी | ४० | ३९.२१ | ब्राह्मण/क्षेत्री | ३ | २७.२८ |
| ३-५ रोपनी | ३६ | ३५.३० | जनजाति | ३ | २७.२८ |
| ५ रोपनी माथि | १५ | १४.७१ | दलित | ५ | ४५.४५ |
| कति पनि नहुने | ११ | १०.७८ | जम्मा | ११ | १०० |
| जम्मा | १०२ | १०० | | | |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ५.२ अनुसार १-३ रोपनी जमिन हुने कृषकको सङ्ख्या ४० अर्थात ३९.२१ प्रतिशत, ३-५ रोपनी हुने कृषकको सङ्ख्या ३६ अर्थात ३५.३० प्रतिशत, ५ भन्दा माथि हुने कृषकको सङ्ख्या १५ अर्थात् १४.७१ प्रतिशत र कति पनि नहुने ११ अर्थात् १०.७८ रहेको छ । माथिको तालिका अनुसार कृषकहरूमा सबैभन्दा १-३ रोपनी जमिन हुने ४० जना कृषक र सबैभन्दा कम कति पनि जमिन नहुने ११ जना कृषकहरू पाइयो । ११ जनामध्ये जमिन नहुनेमा दलितको सङ्ख्या बढी पाइयो ।

## ५.५ उत्तरदाताको जमिनमा स्वामित्वको अवस्था

नेपाल एक पितृसत्तात्मक देश हो । नेपालका सबै ठाउँका परिवारमा पुरुषको अधीनमा रहेका छन् । परिवारमा रहेको सम्पत्ति पनि पुरुषको नाममा नै रहेको पाइयो । कानुनमा महिलाको लागि पनि सम्पत्ति माथिको हकलाई प्रत्याभूति गरेको भए पनि व्यवहारमा त्यो पालन हुन सकिरहेको छैन । जसको कारण परिवारको जग्गा जमिन पनि पुरुषकै नाममा रहेको पाइन्छ । वर्तमान समयमा केही परिवर्तन भने भएको देख्न सकिन्छ । अध्ययन क्षेत्रमा पनि जमिन कसको नाममा छ भनी अध्ययन गरिएको छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूको जमिनको स्वामित्वको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.३: जमिनमा स्वामित्वको विवरण**

| व्यक्तिको नाममा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान्-ससुरा | ८० | ७८.४३ |
| स्वयम् महिला | १५ | १४.७० |
| जग्गा नहुने | ७ | ६.८७ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार उत्तरदाताहरूको परिवारमा जग्गा जमिनको अवस्थालाई हेर्दा श्रीमान/ ससुराको नाममा ८० परिवार अर्थात ७८.४३ प्रतिशत, स्वयम् महिलाको नाममा १५ परिवार अर्थात् १४.७० प्रतिशत र जग्गा नहुने परिवार ७ अर्थात ६.८७ प्रतिशत रहेको छ । तालिका अनुसार उत्तरदाताहरूको परिवारमा पनि जग्गा जमिन बढी पुरुषक नाममा रहेको पाइयो ।

## ५.६ जमिनमा लगाउने उत्पादनका किसिम

अध्ययन क्षेत्र तरकारी उत्पादनमा लागेका कृषकहरूले मिश्रित कृषि पेसा अपनाउँदै आएको देखिएको छ । यहाँ उनीहरू तरकार उत्पादनका साथै पशुपालन, खेतीपाती पनि गर्ने गरेको पाइयो । अन्नबाली लगाउनको लागि जमिनको धेरै भाग छुट्याउनु पर्ने देखिन्छ भने तरकारी उत्पादनको लागि थोरै जमिनमा पनि गर्न सकिने देखिएको छ । जहाँ आफ्नो जमिन कति पनि नहुने कृषकहरू पनि व्यवसायिक रूपमा तरकारी उत्पादनमा लागेको पाइन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूले जमिनमा के-के उत्पादन गर्छन् भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.४ : उत्पादनका प्रकारहरू**

| उत्पादन | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अन्नबाली मात्र | - | - |
| तरकारी मात्र | १५ | १४.७० |
| अन्नबाली र तरकारी | ८० | ७८.४३ |
| जग्गा नहुने तर तरकारी लगाउने | ७ | ६.८८ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ५.४ अनुसार उत्तरदाताहरूले जग्गा जमिनमा लगाउने बालीहरूमध्ये अन्नबाली मात्र लगाउने सङ्ख्या भेटिएन । तरकारी मात्र लगाउने १५ जना अर्थात् १४.७० प्रतिशत, अन्नबाली र तरकारी दुवै लगाउने ८० जना अर्थात ७८.४३ प्रतिशत र जग्गा जमिन नहुने तर तरकारी लगाउने ७ जना अर्थात ६.८८ प्रतिशत रहेको देखिन्छ । तालिकाअनुसार अन्नबाली र तरकारी दुवै लगाउने ८० जना अर्थात् ७८.४३ प्रतिशत पाइयो भने ७ जना महिला आफ्नो जग्गा जमिन नहुने अर्काको खाली जमिन उपयोग गरेर तरकारी लगाएको देखियो ।

## ५.७ तरकारी उत्पादनमा लाग्ने प्रेरणा

समाज तथा परिवारका विविध क्षेत्रमा यस्ता व्यक्तित्वहरू हुन्छन् जसको प्रेरणाले गर्दा व्यक्तिले आफ्नो जीवनको लक्ष्य निर्धारण गरेको हुन्छ । कुनै पनि व्यवसाय सञ्चालन गर्नका लागि प्रेरणाको स्रोत अति आवश्यक छ । अध्ययन क्षेत्रका कृषकहरू पनि तरकारी उत्पादनमा लाग्ने प्रेरणा कहाँ पाउनु भयो भनी सोधिएको प्रश्नमा उत्तरदाता कृषकहरूले दिएको उत्तरलाई तलको तालिका र चित्रमा देखाइएको छ ।

**तालिका ५.५: तरकारी उत्पादनमा प्रेरणाको स्रोत**

| **प्रेरणाको स्रोत** | **उत्तरदाताको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| स्वेच्छा | ३५ | ३४.३१ |
| परिवार | १० | ९.८० |
| साथीसंगी | ७ | ६.८७ |
| संघसंस्था | ५ | ४.९० |
| साथी र संघसंस्था | ४५ | ४४.१२ |
| जम्मा | १०२ | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ५.५ अनुसार तरकारी उत्पादनमा लाग्ने प्रेरणाको स्रोतहरूमा स्वेच्छाले तरकारी उत्पादनमा लाग्ने उत्तरदाताको ३५ अर्थात् ३४.३१ प्रतिशत, परिवारको प्रेरणाबाट १० अर्थात् ९.८० प्रतिशत, साथीसंगीको प्रेरणाबाट ७ जना अर्थात् ६.८७ प्रतिशत संघसंस्थाको प्रेरणाबाट ५ जना अर्थात् ४.९० प्रतिशत र साथी र संघ संस्थाको प्रेरणाबाट ४५ अर्थात ४४.१२ प्रतिशत रहेको पाइयो । अध्ययनको तालिका अनुसार सबैभन्दा बढी ४५ अर्थात ४४.१२ सबैभन्दा बढी ४५ अर्थात ४४.१२ प्रतिशत, साथी र संघ संस्थाको प्रेरणाबाट तरकारी उत्पादनमा लागेको देखिन्छ ।

## ५.८ तरकारी उत्पादन नै रोज्नुको कारण

तरकारीलाई नगदेबालीको रूपमा लिइन्छ । थोरै जमिनमा पनि धेरै तरकारी उत्पादन गर्न सकिने भएकोले आम्दानीको लागि राम्रो व्यवसायको रूपमा लिइन्छ । ग्रामीण क्षेत्रमा अन्य पेसाको अभाव हुने भएकोले कृषि व्यवसाय एक अनिवार्य पेसा हो । अध्ययन क्षेत्रका

कृषकहरू तरकारी उत्पादन नै किन रोजे भन्ने कुरा हेरिएको छ । तरकारी उत्पादन रोज्नुको कारण तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.६: तरकारी उत्पादनमा आकर्षणका कारण**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अरूको देखेर | २ | १.९७ |
| कृषि विकासले गर्दा | १० | ९.८० |
| रोजगार नपाएर | १० | ९.८० |
| आफ्नै ज्ञानले | ५ | ४.९१ |
| माथिका सबै | ७५ | ८३.५२ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ५.६ मा उल्लेख भएअनुसार तरकारी उत्पादन आकर्षणका कारणहरू अरुको देखेर २ जना अर्थात १.९७ प्रतिशत, कृषि विकासले गर्दा १० जना अर्थात् ९.८० प्रतिशत, रोजगार नपाएकोले गर्दा १० जना अर्थात् ९.८० प्रतिशत र आफ्नै ज्ञानले ५ जना अर्थात ४.९१ प्रतिशत र माथिका सबैले गर्दा ७५ जना अर्थात् ७३.५२ प्रतिशत र माथिका सबैले गर्दा ७५ जना अर्थात् ७४.५२ प्रतिशत रहेको देखिन्छ । तरकारी उत्पादनमा आकर्षण हुनुका कारणहरूमध्ये माथिका सबै भन्दा बढी ७५ जना अर्थात् ७३.५२ प्रतिशत रहेको पाइयो ।

## ५.९ तरकारीको किसिम र आम्दानी बढी

अध्ययन क्षेत्रमा व्यवसायिक रूपमा तरकारी उत्पादनमा कस्ता खालका तरकारी बढी उत्पादन गर्छन् भन्ने कुरा अध्ययन गर्दा मौसमी र बेमौसमी दुवै तरकारी उत्पादन गरेको पाइयो । मौसमी तरकारी लगाउँदा खर्च कम लाग्ने र प्राकृतिक प्रकोप कम हुने पाइयो भने आम्दानी पनि कम हुने पाइयो । बेमौसमी तरकारीबाट आम्दानी बढी हुने हुँदा अध्ययन क्षेत्रमा बेमौसमी तरकारी उत्पादन गरेको पाइयो ।

मौसमी तरकारीको तुलनामा बेमौसमी तरकारी उत्पादनबाट उत्पादक कृषकहरूले करिब दोब्बर मूल्य प्राप्त गर्न सक्छन् । जसका लागि हावापानी र जमिनको भू-बनोट, सरकारी

नीति, यातायात, उन्नत बिउ र प्रविधि, सिंचाई तथा कृषि सामग्री प्रचार प्रसार, बजार व्यवस्थापन र तालिमको यथोचित व्यवस्था हुनुपर्दछ । यस अध्ययन क्षेत्रमा तरकारी उत्पादन कृषकहरूले विगत केही वर्षदेखि मौसमी तरकारीको अलावा बेमौसमी तरकारी पनि. उत्पादन गरेका छन् । यस क्षेत्रमा लगाउने मुख्य बेमौसमी तरकारीहरूमा काउली, बन्दा, गोलभेडा, खुर्सानी, सिमी आदि रहेका छन् । यस्ता विभिन्न जातका बेमौसमी तरकारी उत्पादन गर्न अनुकूल वातावरणको सिर्जना गर्दा प्लास्टिकको घरको प्रयोग गरेको पाइन्छ । यस्तो तरकारी उत्पादनका लागि विभिन्न आधुनिक प्रविधिको प्रयोग आवश्यक हुन्छ । अध्ययन क्षेत्रका कृषकहरू बेमौसमी तरकारी उत्पादनमा लागिरहेका छन् ।

## ५.१० मल बिउ र प्रविधिको प्रयोग

उत्पादनमा मल, बिउ र प्रविधिले प्रत्यक्ष प्रभाव पार्ने हुँदा व्यवसायिक रूपमा गरिएको तरकारी उत्पादनमा कस्तो खालको मल बिउ र प्रविधिको प्रयोग गर्छन् भनी हेरिएको छ । वर्तमान समयमा मानिसहरू आफ्ना लागि मात्र भए पनि आधुनिक विउ लगाएको पाइन्छ । स्थानीय बिउको उत्पादन ढिलो र कम हुन्छ त्यसैले अधिकांश कृषकहरू आधुनिक बिउ नै प्रयोग गर्छन् । अध्ययन क्षेत्रमा कस्तो मल बिउ र प्रविधि प्रयोग गर्छन् भन्ने कुरा तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ५.७: मल बिउ र प्रविधिको प्रयोग**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत मात्र | - | - |
| आधुनिक मात्र | ८ | १.८५ |
| तालिमको अनुसार | २ | १.९६ |
| दुवै (परम्परागत र आधुनिक) | ९२ | ९०.१९ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार तरकारी उत्पादन गर्दा परम्परागत मल, बिउ र प्रविधि प्रयोग गर्ने उत्तरदाताको सङ्ख्या पाइएन, आधुनिक मल, बिउ र प्रविधिको प्रयोग गर्ने उत्तरदाताको

सङ्ख्या ८ अर्थात्, ७.८५ प्रतिशत, तालिमदाताको अनुसार मल बिउ र प्रविधि प्रयोग गर्ने उत्तरदाताको सङ्ख्या २ अर्थात् १.९६ प्रतिशत र परम्परागत र आधुनिक दुवै प्रकारको मल बिउ र प्रविधि प्रयोग गर्ने उत्तरदाताको सङ्ख्या ९२ अर्थात् ९०.१९ प्रतिशत रहेको छ ।

## ५.११ मासिक आम्दानी

लाहाचोक गा.वि.स. का ६ र ७ वडामा कृषकहरूले व्यवसायिक रूपमा तरकारी उत्पादन गरेर आफ्नो खर्च साथमा आम्दानी गरेको देखिन्छ । उनीहरू आफूले उत्पादन गरेको तरकारी घरमा खाने, नातेदारलाई दिने र धेरै तरकारी बेच्ने गरेको बताए । उनीहरूले उत्पादन गरेको तरकारी सोही गा.वि.स. छिमेकी गा.वि.स. घाचोक, चप्याम र पोखरामा बेच्ने गरेको पाइयो । आफ्नो जमिनमा प्रशस्त तरकारी लगाउने, भाडामा लिएर पनि तरकारी लगाउने र समूहमा मात्रै पनि तरकारी लगाउने कृषकहरू उत्तरदाताभित्र रहेकाले उनीहरूले मासिक रूपमा कति आम्दानी गर्छन् भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.८ : उत्तरदाताको मासिक आम्दानीको विवरण**

| **आम्दानीको विवरण** | **उत्तरदाताको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| १०-२० हजार आम्दानी | ८५ | ८३.३३ |
| २०-४० हजार आम्दानी | १० | ९.८० |
| ४०-६० हजार आम्दानी | ५ | ४.९१ |
| ६० हजार भन्दा माथि | २ | १.९६ |
| जम्मा | १०२ | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार १०-२० हजार आम्दानी गर्ने उत्तरदाताको सङ्ख्या ८५ अर्थात् ८३.३३ प्रतिशत , २०-४० हजार आम्दानी गर्नेको सङ्ख्या १० जना अर्थात ९.८० प्रतिशत, ४०-६० हजार आम्दानी गर्नेको सङ्ख्या ५ जना अर्थात् ४.९१ प्रतिशत र ६० हजारभन्दा माथि आम्दानी गर्नेको सङ्ख्या २ जना अर्थात १.९६ प्रतिशत रहेको छ । तालिका अनुसार सबैभन्दा बढी सङ्ख्या ८५ जना १०-२० हजार आम्दानी गर्ने उत्तरदाताको सङ्ख्या पाइयो ।

## ५.१२ आम्दानी के मा खर्च गर्छन्

आम्दानीले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । उसको लवाइ खवाई, रहनसहन, व्यवहार, क्रियाकलाप, मान प्रतिष्ठा, आचरण जस्ता कुराहरू आम्दानीमा निर्भर रहेको हुन्छन् । व्यक्तिले आम्दानीलाई विभिन्न शीर्षकमा खर्च गर्नु स्वभाविक हो । उसले आफ्नो आवश्यकता र अवस्थाअनुसार खर्च गर्दछ । अध्ययन क्षेत्र पनि ग्रामिण क्षेत्र हो । यहाँका कृषकहरू तरकारी उत्पादन गरी परिवारको खर्च धान्नका लागि साथै आम्दानी गरेका छन् । तरकारी उत्पादनबाट १० हजार देखि ६० हजारभन्दा माथि आम्दानी गर्ने कृषकहरू रहेको पाइयो । तरकारी उत्पादनबाट प्राप्त आम्दानी कृषकहरूले के-केमा खर्च गर्छन् त भन्ने प्रश्नको उत्तरबाट संकलित विवरणलाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.९: खर्चको विवरण**

| खर्चका विषय | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरखर्च | १५ | १४.७० |
| बालबच्चाको पढाइ | १५ | १४.७० |
| आफ्नो लागि खर्च | १० | ९.८० |
| पून-उत्पादनमा लगानी | ५ | ४.९१ |
| माथिका सबै | ५७ | ५५.८९ |
| जम्मा | १०२ | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

तालिका ५.९ मा उल्लेख भएअनुसार तरकारी उत्पादनबाट आएको आम्दानी घरखर्च मात्र गर्ने कृषकहरू १५ जना अर्थात् १४.७० प्रतिशत, बालबच्चाको पढाइमा मात्र खर्च गर्ने १५ जना अर्थात् ९.८० प्रतिशत, पुन-उत्पादनमा लगानी गर्ने ५ जना अर्थात् ४.९१ प्रतिशत र माथिका सबैमा खर्च गर्ने ५७ जना अर्थात् ५५.८९ प्रतिशत रहेको छ । तालिकाअनुसार तरकारी उत्पादनकै आम्दानीबाट घरखर्च, बालबच्चाको पढाइ, आफ्नो लागि खर्च, पुन-उत्पादनमा लगानी गर्ने जस्ता पक्षहरूमा खर्च गर्ने कृषकहरू सबैभन्दा बढी ५७ जना रहेको पाइयो ।

## *वैयक्तिक अध्ययन १:*
## *टुल्कीमाया नेपालीको परिवर्तन*

*टुल्कीमाया नेपाली एक ३३ वर्षीय जागरुक महिला किसान हुन् । २ छोरा र १ छोरी श्रीमान् गरी ५ जनाको परिवारमा बस्ने नेपालीको मुख्य जीविकोपार्जनको आधार कृषि पेसा हो । लाहाचोक गा.वि.स. वडा नं. ६ मा बस्ने यी कृषक आफ्नो कुरा यसरी सुनाउँछिन् ।*

*विवाह गरेर मैले धेरै वर्ष सरिपाखामा बिताएँ । छोराछोरीहरू जन्मिए । उनीहरूको रेखदेख खेतीपाती मेलापात र वनपाखामा नै मेरो दिन बित्यो । आफ्नो स्वामित्वको जग्गा २ रोपनी मात्र भएकोले ५ रोपनी जग्गा अधिया कमाएर मैले खेती गरे । सरिपाखा जस्तो कम मलिलो जग्गामा जति नै पसिना बगाए पनि उत्पादन भने जहिले पनि जतिको त्यति हुने थियो । भने अर्कोतिर खेती पाक्ने बेलामा बादरले खाएर न फल न नल हुन्थ्यो । २०६१ सालमा हाम्रो परिवार सरिपाखाबाट बसाइसराइ गरी लाहाचोक गा.वि.स. वडा नं. ६ मा झर्‍यो । जब २०६४ सालमा डानिडा नेपालको आर्थिक सहयोग तथा व्यवस्थापनमा तरकारी उत्पादन सम्बन्धी तालिम चलिरहेको थियो जसमा मैले पनि तालिम लिने मौका पाएँ । तालिम पश्चात् हामीले सिकेका कुराहरू परिवारमा सिकाउँदै व्यवहारमा उतार्दै गयौं । यसै वर्षदेखि तरकारी उत्पादन नयाँ तरिकाले गर्दै गयौं । प्रत्येक वर्ष तरकारीबाट ९० हजार भन्दा माथि आम्दानी हुन्छ । तरकारीबाट आम्दानी बढ्दै गएकोले घरको आर्थिक अवस्थामा सुधार हुँदै आयो । पैसाको बचत भन्दा पनि बारीमा उब्जेको मिलाएर खाने बानी परेको छ जसले गर्दा स्वास्थ्य स्थिति पनि पलिहेको भन्दा धेरै राम्रो भएको छ । स्वास्थ्यमा खर्च पनि घटेको छ । बालबच्चाहरूलाई राम्रो शिक्षा होस् भनेर दुख नै गरेर भए पनि पढाएको छु । दोकानमा नुन तेल किन्न जाँदा रित्तो हात जानु परेको छैन । सहकारी र समूहमा मासिक बचत गर्छु । कहिले काहीँ छिमेकीलाई समस्या आइपर्दा सानो सहयोग गर्न सकेको छु । तरकारीको लागि कम्पोष्ट मल बनाउने विषादि बनाउने र बारीमा उत्पादन कै काम गर्ने बानी नै परिसकेके छ । अहिले मेरो जीवनस्तरमा धेरै नै परिवर्तन भएको छ समूहमा र गाउँको अन्य भेलाहरूमा म नियमित उपस्थित हुन्छु । चित्त नबुझेको कुराहरूमा आवाज उठाउँछु । खास गरी महिला तथा बालबालिकाको विषयमा र कृषि क्षेत्रको विषयमा छलफल वादविवाद हुँदा खास ध्यान दिई समस्या समाधानमा आफूले जानेका बुझेका सरसल्लाह पनि दिन्छु ।*

*यसरी तरकारी उत्पादनमा लागेपछि आर्थिक सुधार भएको, चेतनामा विकास भएको र आत्मनिर्भर बन्न सकेको उनको अनुभव रहेको छ ।*

## *वैयक्तिक अध्ययन २*
## *राधादेवी अधिकारीको परिवर्तन*

*लाहाचोक गा.वि.स. वडा नं. ७ निवासी राधादेवीले आफ्नो जग्गामा धान, कोदो, मकै जस्ता खाद्यान्न उत्पादन गर्दा उनको ६ जनाको परिवारलाई लालन पोषण गर्न धौ-धौ परेको थियो । उक्त जग्गामा खाद्यानन बाली लगाउन छारेर व्यवसायिक रुपमा तरकारी खेती गर्न थालेपछि उनको आम्दानी वृद्धि भएको छ । उनले तरकारी बेचेको रकमबाट दुई छोरा र दुई छोरीहरूलाई पढाउन समेत सफल भएकी छिन् ।*

*तरकारी खेतीलाई व्यवसायिक रुपमा अवलम्बन गर्नु अघि मेरो परिवारको जीवन दुःख पूर्ण रुपमा गुजारा गर्नु परेको थियो । आफ्नो उक्त जग्गामा पूरा परिवारको श्रमबाट तरकारी खेती गर्दै जाँदा यसबाट प्राप्त आम्दानीले मेरो आर्थिक अवस्थामा सुधार हुँदै गएको छ । जब २०६४ सालमा डानिडा नेपालको आर्थिक सहयोग तथा व्यवस्थापनमा तरकारी उत्पादन सम्बन्धी तालिम चलिरहेकोथियो जसमा मैले पनि तालिम लिने मौका पाएँ । यसै वर्ष देखि तरकारी उत्पादन र नयाँ तरिकाले उत्पादन गर्दै गइयो । प्रत्येक वर्ष तरकारीबाट १ लाख भन्दा माथि आम्दानी हुन्छ । २०७० सालमा तरकारी विक्रीबाट मात्रै ८५०००।- आम्दानी प्राप्त भएको छ । मेरो परिवारमा यस वर्ष (२०७३) मा काक्रो खेतीबाट मात्रै ४५०००।- आम्दानी प्राप्त भइसकेको छ । तरकारी व्यवसायमा लागेपछि रोजगारी प्राप्त भएको आम्दानी बढेको र छोरा छोरीहरूलाई पढाउन सजिलो र बोर्डिङ्ग स्कूलमा पढाउन पाएकोमा म र मेरो परिवारमा सुखी र खुसी भएका छौं ।*

*यसरी तरकारी उत्पादनमा लागेपछि आत्मनिर्भर बनेर र उत्पादनबाट आएको आम्दानी मेरै निर्णयमा खर्च गर्ने र आर्थिक आम्दानीपछि पुरुषमा निर्भर हुनु परेको छैन ।*

## *वैयक्तिक अध्ययन ३*
## *शिव तामाङ्को आर्थिक सफलता*

*लाहाचोक गा.वि.स वडा नं. ७ निवासी ४६ वर्षीयको शिव तामाङ्को परिवार मध्यम खालको छ । उनी तरकारी उत्पादनमा लाग्नु अगाडि जमिनमा धान, गहुँ, मकै र कोदोजस्ता अन्नबालीहरू मात्र उत्पादन गरिन्थ्यो जमिनको उत्पादनले वर्षभरि खानाको लागि मात्र निर्वाह हुन्थ्यो । तरकारीले वर्षभरि खानाको लागि मात्र निर्वाह हुन्थ्यो । तरकारीको नाममा लसुन, साग र केही मात्रामा गोलभेडा मात्र उत्पादन हुन्थ्यो । ५ रोपनीभन्दा बढी जमिन भएर पनि प्रशस्त उत्पादन थिएन् ।*

*२०६४ सालमा अगुवा कृषकको तालिम लिएर मैले तरकारी उत्पादनतिर लागेको थिए । गोलभेडाको लागि १ वटा टर्नेल बनाएर तरकारी उत्पादनको सुरुवात गरेको थिए । गा.वि.स. मा त्यसरी तरकारी उत्पादन नगरिएकोले त्यतिबेला मलाई परिवारले सहयोग र समर्थन गरेको थिएन । मैले एक्लै उत्पादनको काम सुरु गरे । एक पटक लगाएको गोलभेडाबाट सात महिनामा मैले ३५ हजार रुपैयाँ आम्दानी गर्न सफल भए । आम्दानी भएको देखेर परिवार पनि खुसी हुँदै तरकारी उत्पादन तर्फ लागेको थियो । मेरो घरमा अहिले २ वटा टर्नेल र अन्य सबै प्रकारका तरकारी रहेका छन् । परिवारका सबै सदस्यले पनि तरकारी उत्पादनमा नै जोड दिएका छन् । यसरी उत्पादन गरिएका तरकारी अदुवा, कहिलेकाही केही गोलभेडा बाहेक अन्य सबै घरबाट नै विक्री हुने गरेको छ । तरकारी उत्पादन गरेको दोस्रो वर्ष देखि प्रत्येक वर्ष १ लाख देखि २ लाखसम्म आम्दानी हुने गरेको छ । अहिले मेरो घरमा मौसमी र बेमौसमी दुवै तरकारी उत्पादन गर्ने हुँदा वर्षभरि तरकारी बेचेविखन गर्ने गरेका छौं । कहिलेकाही घरको तरकारी नपुग्दा हामी समूहको तरकारी लिएर पनि बेच्ने गरेका छौ । उत्पादनबाट आएको आम्दानी मेरै निर्णयमा खर्च गर्ने र आर्थिक आम्दानी पछि आर्थिक रुपमा आत्मनिर्भर बनेको छु । साहस र धैर्यताका साथमा परिश्रम गरेपछि सफल हुन सकिन्छ । सुरुमा काम गर्न परिवार र समाजलाई बुझाउन गाह्रो भयो पछि उत्पादन राम्रो हुँदा आम्दानी भएको देखेर परिवारले सहयोग, समर्थन गरेको र समाजले स्याबास र धन्यवाद दिने गरेको छ ।*

## *वैयक्तिक अध्ययन ४*

## *एकनारायण ढकालको परिवर्तन*

*लाहाचोक गा.वि.स वडा नं. ६ निवासी ५७ वर्षीय एकनारायण ढकालको परिवार मध्यम खालको छ । म तरकारी उत्पादनमा लाग्नु अगाडि जमिनमा कोदो, मकै, धान, गहुँ मात्र उत्पादन हुन्थ्यो । जमिनको उत्पादनले वर्षभरि खानको लागि मात्र निर्वाह हुन्थ्यो । तरकारीको नाममा आलु, भट्ट र केही मात्रामा गोलभेडा मात्र उत्पादन हुन्थ्यो । ३ रोपनीभन्दा बढी जमिन भएर पनि प्रशस्त उत्पादन थिएन । २०६४ सालमा अगुवा कृषकको तालिम लिएर तरकारी उत्पादनमा लागेको थिए । तालिम पश्चात् हामीले सिकेका कुराहरू परिवारमा सिकाउँदै व्यवहारमा उतार्दै गए । यसैवर्षदेखि तरकारी उत्पादन नयाँ तरिकाले गर्दै गयौं । प्रत्येक वर्ष तरकारीबाट ८0000 भन्दा माथि आम्दानी हुन थाल्यो । तरकारीबाट आम्दानी बढ्दै गएकाले घरको आर्थिक अवस्थामा सुधार हुँदै आयो । पैसाको बचतभन्दा पनि बारीमा उब्जेको मिलाएर खाने बानी परेको छ । जसले गर्दा स्वास्थ्य स्थिति पहिलेको भन्दा धेरै राम्रो भएको छ र स्वास्थ्यमा खर्च पनि घटेको छ । बालबच्चाहरूलाई राम्रो शिक्षण होस् भनेर दुःख नै गरेर भए पनि पढाएको छु । दोकानमा नुन, तेल किन्न जाँदा रित्तो हात जानु परेको छैन । सहकारी र समूहमा मासिक बचत गर्छु । कहिले काँही छिमेकीलाई समस्या आइपर्दा सानो सहयोग गर्न सकेको छु । तरकारीको लागि कम्पोष्ट मल बनाउने, विषादी बनाउने र बारीमा उत्पादनकै काम गर्ने मेरो बानी नै परिसकेको छ । अहिले मेरो जीवनशैलीमा धेरै नै परिवर्तन भएको छ । समूहमा र गाउँको अन्य भेलाहरूमा म नियमित उपस्थित हुन्छु । चित्त नबुझेको कुराहरूमा आवाज उठाउँछु । कृषि क्षेत्रको विषयमा छलफल, वादविवाद हुँदा खास ध्यान दिई समस्या समाधानमा आफूले जानेका, बुझेका कुराहरू सरसल्लाह पनि दिन्छु ।*

*यसरी तरकारी उत्पादनमा लागेपछि आर्थिक सुधार भएको, आत्मनिर्भर भएको, रोजगारी प्राप्त भएको, चेतनामा विकास भएको उनको अनुभव रहेको छ ।*

## *वैयक्तिक अध्ययन ५*
## *धनकुमारी नेपालीको अनुभव*

*लाहाचोक गा.वि.स वडा नं. ५ निवासी ५५ वर्षीय धनकुमारी नेपालीको परिवार मध्यम खालको छ । म तरकारी उत्पादनमा लाग्नु अगाडि जमिनमा धान, गहुँ, मकै, कोदो जस्ता अन्नबालीहरू मात्र उत्पादन गर्थे । जमिनको उत्पादनले वर्षभरि खानको लागि मात्र निर्वाह हुथ्यो । तरकारीको नाममा साग, मुला र गोलभेडा मात्र उत्पादन हुन्थ्यो । ५ रोपनी भन्दा बढी जमिन भएर पनि प्रशस्त उत्पादन थिएन । मेरो परिवारमा सात जना सदस्य रहेका छन् ।*

*२०६४ सालमा अगुवा कृषकको तालिम दिएर तरकारी उत्पादनमा लागेकी थिए । त्यतिबेलाबाट काउली, बन्दा, सिमी, बोडी, खुर्सानी, काक्रो र धनिया लगाई तरकारी उत्पादनको सुरुवात गरेकी थिए । अहिले एक टर्नेल सहित मौसमी र बेमौसमी दुवै प्रकारका तरकारी उत्पादन गर्दछु । तरकारी दोकोमा बोकेर कहिलेकाही जीपमा लिएर पोखरा सम्म बेच्न जान्छु । तरकारी कहिले कम मूल्यमा र कहिले बढी मूल्यमा बेच्ने गर्दछु, तरकारी उत्पादन नभएको ठाउँमा बढी मूल्य पर्दछ । तरकारी बेच्ने क्रममा अलि पढेलेखेको र धनी मानिसले ताजा तरकारी खोज्दछन् । हामी जस्ता नपढेका र आर्थिक अवस्थामा कमजोर भएका मानिसहरूले सस्तो र बासी तरकारी खोज्दछन् । बासी तरकारी किलोमा धेरै चढ्छ रे, दिन र साँझमा म तरकारी उत्पादनकै काम गर्दछु । विहानमा तरकारी बेच्न जान्छु । तरकारी उत्पादनमा लागेपछि मलाई फुर्सद नै हुँदैन । अनावश्यक काममा समय दिन पाउँदिन । तरकारी उत्पादन गर्ने कृषकहरू मिलेर आलोपालो गरेर काम गर्छु । म र मेरो परिवार खुसी छ र अझै राम्रो गर्ने कोशिस गर्दैछौं ।*

# अध्याय छ

# तरकारी उत्पादनले कृषकमा पारेको प्रभाव

समाजको सर्वाङ्गीण विकासको लागि समुदायभित्रका सबै जातजाति, भाषा, संस्कृति र लिङ्ग आदिको समान रूपले विकास हुनुपर्दछ । नेपालजस्तो विकासोन्मुख मुलुकमा स्रोत र साधनको अभावका कारण मानिसहरू विकासको मुल प्रवाहमा आउन नसकेको कुरा विभिन्न अध्ययन अनुसन्धानबाट समेत पुष्टि भैरहेको अवस्था छ । जसमाजमा लिङ्ग, वर्ग, सामाजिक तथा सांस्कृतिक रूपमा परम्परादेखि रहँदै आएका महिला र पुरुष बिचको विभेदले समतामा आधारित समाजको निर्माण हुन सकेको छैन तथा विकासमा महिलाहरू निकै पछाडि परेका छन् । त्यसैगरी आर्थिक पहुँचमा अभिवृद्धि र प्रत्येक क्षेत्रमा महिला र पुरुषको सहभागिताको आवश्यकता छ । समाज र देशको विकासले तबसम्म गति लिन सक्दैन जबसम्म महिलाहरू र पुरुषहरू मिलेर विकासको मूल प्रवाहमा आउन सक्दैन ।

तरकारी खेती गर्ने क्रममा विभिन्न कृषक समूहरूको गठन भएको पाइन्छ । कृषक समूहको गठन भएपछि एकलाई परेको पिरमर्का अन्य व्यक्तिहरूले पनि छलफल गरी समस्या समाधान गर्न सफल हुन थाले । समूहमा खेती गर्दा उत्पादित तरकारी बढी हुन थाल्यो र उत्पादित तरकारी गाडीमा राखेर बजार (पोखरा) सम्म बेच्ने परम्परा विकास भयो । पहिला आफ्ना छोराछोरीहरूलाई स्कुलसमेत पठाउन नसकेका कृषकहरूले तरकारी खेती गरेपछि शिक्षाको महत्व बुझेर स्कूल पढाउन थालेको पाइन्छ । बढी आम्दानी हुनेहरूले राम्राराम्र नीजि स्कूलहरूमा समेत छोराछोरी पढाउन थालेका छन् ।

## ६.१ खर्च गर्ने निर्णय कसले राख्छ

प्राकृतिक विभेद, शिक्षाको न्यूनस्तर, घरायसी एवम् वातावरण र सूचनाको अभावका कारणले गर्दा महिलाहरू प्राय कृषि क्षेत्रमा नै रहेको देखिन्छ । सहभागिताका दृष्टिले कृषि क्षेत्रमा महिलाहरूको सङ्ख्या बढी देखिन्छ तर आम्दानीको पहुँच भने कम रहेको छ । जसका कारण महिलाहरू समाजमा आर्थिक रूपमा पुरुषमा नै निर्भर रहेको पाइन्छ । प्रत्येक

समाजमा पुरुषको अधिपत्य रहेको कारण आम्दानी गरेर पनि महिलाहरूले पैसा खर्च गर्ने, निर्णय गर्ने काम गर्न पाएका छैनन । प्रायः सबै जसो समाजमा आर्थिक कारोबार पुरुषले नै गरेको पाइन्छ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूमा पनि तरकारी उत्पादनबाट प्राप्त आम्दानी खर्च गर्ने निर्णय कसले गर्दछ भन्ने सोधिएको प्रश्नको उत्तरलाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ६.१: उत्तरदाताको खर्चको निर्णय**

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ५२ | ५०.९८ |
| पुरुष | ३० | २९.४१ |
| परिवारको सल्लाहमा | २० | १९.६१ |
| जम्मा | १०२ | १००.०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

माथिको तालिकामा उल्लेख भएअनुसार तरकारी उत्पादनबाट प्राप्त आम्दानी कुन कसले खर्च गर्छन् भन्ने कुरा माथिको तालिकामा देखाइएको छ भने यस्तो खर्च गर्ने निर्णय कसले गर्दछ भन्ने कुरा यस तालिकामा प्रस्तुत गरिएको छ । तालिकाअनुसार महिला स्वयम् ५२ जना अर्थात् ५०.९८ प्रतिशत श्रीमान् ३० जना अर्थात् २९.४१ प्रतिशत र परिवारको सल्लाहमा खर्चको निर्णय गर्ने संख्या २० अर्थात् १९.६१ प्रतिशत रहेको पाइयो । यस अध्ययनअनुसार बढी महिला स्वयम्ले नै खर्चको निर्णय गर्ने गरेको पाइयो ।

## ६.२ तरकारी बेच्न को जान्छ

तरकारी उत्पादन भैसकेपछि छिटोभन्दा छिटो बेच्नुपर्ने हुन्छ किनकी तरकारी लामो समय राख्यो भने विग्रिएर जान सक्छ । तरकारी उत्पादनमा महिलाहरूले बढी समय काम गर्ने गरेको अध्ययनबाट पत्ता लागेको छ । उत्पादन गरिएको तरकारी कहाँ लगेर बेच्छन् ? गाउँ घरमा नै खपत हुन्छ । या बजारमा लगेर बेच्छन् ? अध्ययन क्षेत्रमा उत्पादन गरिएको तरकारी आफ्नो गाउँघर, छिमेकी गा.वि.स. घाचोक, हेम्जा र पोखराको बजारमा बेच्ने

गरेको कुरा अध्ययनबाट पत्ता लागियो । ति तरकारी बेच्नको लागि को जान्छ भन्ने कुरा तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ६.२: तरकारी बेच्ने व्यक्तिको विवरण**

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ७५ | ७३.५२ |
| पुरुष | १६ | १५.६८ |
| छोरा | ४ | ३.९२ |
| छोरी | ७ | ६.८८ |
| जम्मा | १०२ | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३*

माथिको तालिकामा उल्लेख भएअनुसार तरकारी उत्पादन गरिसकेपछि त्यो तरकारी बेच्न परिवारका सदस्य को जान्छ भन्ने प्रश्नको उत्तर हेर्दा महिला स्वयम् ७५ जना अर्थात् ७३.५२ प्रतिशत, श्रीमान्ले तरकारी बेच्न जाने सङ्ख्या १६ जना अर्थात् १५.६८ प्रतिशत छोरालाई पठाउने सङ्ख्या ४ जना अर्थात् ३.९२ प्रतिशत र छोरीलाई तरकारी बेच्न पठाउने सङ्ख्या ७ जना अर्थात् ६.८८ प्रतिशत रहेको छ । तरकारी उत्पादन र बेच्ने कार्यमा महिलाहरूको सङ्ख्या नै सबैभन्दा बढी ७३.५२ प्रतिशत रहेको छ । अध्ययन अनुसार बेचविखनमा पनि महिला सहभागिता नै बढी रहेको पाइयो ।

## ६.३ कुनै संघ सस्थामा आवद्ध

वर्तमान समयमा समयको परिवर्तनसँगै नेपालमा पनि विकासका लहरहरू चलिराखेका छन् । नेपालका अधिकांश क्षेत्रमा समूह गठन गरी समूह मार्फत् कार्यक्रम सञ्चालन गरिएको छ । यस अध्ययन क्षेत्रका कृषकहरू पनि विभिन्न समूहमा आवद्ध रहेको बताए । सरकारी तथा गैरसरकारी संस्थाले समूहमा अनुदान र सहयोग गर्ने भएको हुनाले वर्तमान समयमा प्रायः सबै ठाउँमा कृषकहरू समूहमा आवद्ध रहेर विकासका काममा लागेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि विभिन्न गैह्र सरकारी संस्थाले कार्य गरिराखेको हुनाले कृषकहरू कुन-कुन समूहमा छन् त ? भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.३: संस्थामा आवद्ध कृषकहरूको विवरण**

| **संस्थाको नाम** | **उत्तरदाताको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषक समूह | ५ | ४.९१ |
| आमा समूह | ५ | ४.९१ |
| गैरसरकारी संस्था | २ | १.९६ |
| सबै | ९० | ८८.२३ |
| जम्मा | १०२ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७३*

तालिममा उल्लेख भएअनुसार कृषक समूहमा ५ जना अर्थात् ४.९१ प्रतिशत, आमा समूहमा ५ जना अर्थात् ४.९१ प्रतिशत, गैरसरकारी संस्थामा २ जना अर्थात् १.९६ प्रतिशत र माथिका सबै संस्थामा आवद्ध ९० जना अर्थात ८८.२३ प्रतिशत रहेको देखिन्छ ।

## ६.४ तरकारी उत्पादनले पारेको प्रभाव

कृषकहरू तरकारी उत्पादनमा लागेर सबै क्षेत्रका सकारात्मक प्रभाव परेको कुरा बताउँछन् । तरकारी उत्पादनमा लागेपछि विभिन्न समूहको गठन गरिएको र कृषकहरू ती समूहमा आवद्ध रहेको देखिन्छ । समूहमा पनि तरकारी उत्पादन गरेको पाइयो । तरकारी उत्पादनमा नयाँ मल, बिउ र विषादीको प्रयोग, कृषक भ्रमण, तालिम, गोष्ठी र छलफलमा सहभागी हुन थालेपछि कृषकहरूमा ज्ञान र सिपमा समेत विकास भएको पाइन्छ । कृषकहरू व्यवसायिक रूपमा तरकारी उत्पादनमा लागेपछि उत्पादनले उनीहरूमा पारेको सामाजिक, आर्थिक र शैक्षिक प्रभावलाई उत्तरदाताबाट प्राप्त जानकारकि आधारमा तलको तालिका चित्रमा स्पष्ट पारिएको छ ।

**तालिका ६.४: कृषकहरूमा उत्पादनको प्रभाव**

| प्रभावका विषय | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक पक्ष | १२ | ११.७७ |
| आर्थिक पक्ष | ८० | ७८.४३ |
| शैक्षिक पक्ष | १० | ९.८० |
| जम्मा | १०२ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७३*

तालिकामा ६.२ अनुसार ग्रामिण क्षेत्रमा आम्दानीका स्रोत कम हुन्छन् । कृषकहरूले गर्ने प्राय: कामहरू ग्रामिण क्षेत्रमा कृषि नै देखिन्छ । ग्रामिण क्षेत्रको विकास भन्नु नै कृषि क्षेत्रमा विकास हुनु हो । अध्ययन क्षेत्रका कृषकहरू तरकारी उत्पादनमा लागेर आर्थिक पक्षमा बढी सुधार भएको बताउँछन् । तालिका र वृत्तचित्र अनुसार उत्पादनको प्रभाव सामाजिक र वृत्तचित्र अनुसार उत्पादनको प्रभाव सामाजिक पक्षमा १२ जना अर्थात् ११.७७ प्रतिशत, आर्थिक पक्षमा ८० जना अर्थात ७८.४३ प्रतिशत, शैक्षिक पक्षमा १० अर्थात् ९.८० प्रतिशत रहेको पाइयो । तरकारी उत्पादनले आर्थिक पक्षमा नै सबै भन्दा बढी प्रभाव पारेको पाइयो । सबैभन्दा कम शैक्षिक पक्षमा प्रभाव परेको पाइयो ।

## ६.५ उत्पादनपछि आएको परिवर्तन

तरकारी उत्पादनपछि कृषकहरूको विभिन्न क्षेत्रमा परिवर्तन आएको बताए । न्यून स्तरको जीवनशैली रहेका यहाँका मानिसहरूको परिचय थियो भने वर्तमान समयमा आएर उनीहरूको निम्न, मध्यम र मध्यमस्तरको जीवनशैली अपनाउन सफल भएको उनीहरू बताउँछन् । तरकारी उत्पादनबाट नियमित रूपमा आम्दानी हनु थालेपछि उनीहरूको जीवनस्तरमा सुधार आएको छ । वर्षभरि तरकारी उत्पादन भैरहनाले उनीहरूको खानामा समेत परिवर्तन आएको छ । हरेक दिन केही न केही आम्दानी हुने हुँदा आर्थिक कारोबारमा सहज भएको अध्ययन क्षेत्रका कृषकहरू बताउँछन् ।

**तालिका ६.५ : कृषकका जीवनमा आएका परिवर्तनका पक्षहरू**

| **परिवर्तनका पक्षहरू** | **उत्तरदाताको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| आर्थिक | ४५ | ४४.२८ |
| समाजमा मानसम्मान | २ | १.६१ |
| आत्मनिर्भरता | ४५ | ४४.२८ |
| शिक्षा र स्वास्थ्यमा सुधार | ५ | ४.९१ |
| चेतनाको विकास | ५ | ४.९१ |
| जम्मा | १०२ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७३*

प्रस्तुत तालिका ६.३ अनुसार तरकारी उत्पादनले उत्पादनकर्तामा के परिवर्तन आयो भन्ने प्रश्नको उत्तरमा आर्थिक प्रगति हुनेमा ४५ जना अर्थात् ४४.२८ प्रतिशत , समाजमा मानसम्मान भन्ने प्रश्नको उत्तरमा २ जना अर्थात् १.६१, आत्मनिर्भर भन्ने प्रश्नमा ५ जना अर्थात् ४.९१ प्रतिशत, शिक्षा र स्वास्थ्यमा सुधार हुनेमा ५ जना अर्थात् ४.९१ प्रतिशत, चेतनाको विकास हुनेमा ५ जना अर्थात् ४.९१ प्रतिशत रहेको पाइयो ।

## ६.६ तरकारी खेतीबाट कृषकको सामाजिक र आर्थिक जीवनस्तरमा आएको रूपान्तरण

आदिम मानवले आफ्नो आहाराका लागि उपयोग र सङ्कलन गरेका कन्दमूल र फलफूलबाट नयाँ ज्ञान सिक्दै गए । उपयुक्त भू-भागमा स्थायी बसोबास गरे जहाँ उनीहरूले पुन उत्पादनका लागि आफूले सङ्कलन गरेका अन्य फलफूल र कन्दमूलको पहिलो बिउ रोप्न सिकेका थिए । यहीबाट कृषिको  सुरुवात भएको मानिन्छ । यस्र प्रणालीको सुरुवातबाट परम्परागत कृषि प्रणालीको ठाउँमा आधुनिकता तर्फ उन्मुख र रूपान्तरण गर्दै कृषि प्रणालीमा परिवर्तन आउँदै गयो र कृषकहरूले पनि परम्परागत प्रणालीलाई अनुशरण गर्दै समय, परिस्थितिअनुसार नयाँ-नयाँ प्रणालीको विकास र विस्तारबाट अगाडि बढे । तरकारी खेतीबाट कृषकहरूको जीवनस्तरमा कस्तो रूपान्तरण भएको छ त ? भन्ने प्रश्नको उत्तरमा उत्तरदाताहरूले दिएको उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.६ : कृषकको जीवनस्तरमा भएको रूपान्तरण**

| **रूपान्तरण** | **उत्तरदाताको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| परम्परागत पद्धतिलाई अनुशरण गर्ने | - | - |
| परम्परागत पद्धतिलाई छाडेर आधुनिकतातिर उन्मुख | ९५ | ९३-१४ |
| दुवै | ७ | ६.८६ |
| जम्मा | १०२ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७३*

प्रस्तुत तालिका ६.६ मा उल्लेख भएअनुसार परम्परा पद्धतिलाई अनुशरण गर्ने कति पनि छैनन् र परम्परागत पद्धतिलाई छाडेर आधुनिकतातिर उन्मुख हुनेमा उत्तरदाताको सङ्ख्या ९५ जना र ९३.१४ प्रतिशत रहेको छ भने दुवै तरिका अपनाउने उत्तरदाताको सङ्ख्या ७ जना अर्थात् ६.८६ प्रतिशत रहेको छ सबैभन्दा परम्परागत पद्धतिलाई छाडेर आधुनिकतातिर उन्मुख हुने रहेको पाइयो ।

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझावहरू

## ७.१ अध्ययनको सारांश

मूलतः यो अध्ययन तरकारी उत्पादनले ग्रामीण कृषकको जीवनशैलीमा पारेको प्रभाव विषयमा लाहाचोक गा.वि.स. ६ र ७ वडामा तरकारी उत्पादनमा लागेका ग्रामिण कृषकहरूको समाजशास्त्रीय अध्ययन हो । तरकारी उत्पादनले ग्रामीण कृषकहरूको जीवनशैलीमा कस्तो प्रभाव पारेको छ ? अध्ययन क्षेत्रका कृषकहरू तरकारी उत्पादनतर्फ कसरी आर्कषित भए ? तरकारी उत्पादनले कृषकको सामाजिक, आर्थिक जीवस्तरमा कस्तो रूपान्तरण भएको छ ? जस्ता समस्याहरूमा केन्द्रित रहेर अध्ययन गरिएको छ भने तरकारी उत्पादनले ग्रामीण कृषकहरूको जीवनशैलीमा पारेको प्रभावबारे अध्ययन गर्ने, यस क्षेत्रका कृषकहरू तरकारी उत्पादनतर्फ आकर्षित हुनुका कारणहरू पत्ता लगाउने, तरकारी उत्पादनले कृषकको सामाजिक, आर्थिक जीवनस्तरमा आएको रूपान्तरण पत्ता लगाउने जस्ता उद्देश्यहरू राखेर अध्ययन गरिएको छ । लाहाचोक गा.वि.स. को तरकारी खेतीको अध्ययन गर्ने जिज्ञासाले यस क्षेत्र छनोट गरिएको हो । यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुवै किसिमका ढाँचा प्रयोग गरिएको छ । सङ्ख्यात्मक र गुणात्मक सूचनाहरूलाई आवश्यकताअनुसार प्रयोग गरिएको छ । साथै सङ्ख्यात्मक र गुणात्मक दुवै किसिमका तथ्यहरू प्रयोगमा ल्याइएको छ । तरकारी खेतीमा लागेका १०२ जना उत्तरदातामध्ये महिला ७६ र पुरुष २६ लाई उत्तरदाताको रूपमा छनोट गरिएको छ । अन्तवार्ता अनुसूची, अवलोकन र वैयक्तिक अध्ययन विधिलाई प्राथमिक तथ्यांक संकलनमा प्रयोग गरिएको छ । तालिका, प्रतिशत आवश्यक मात्रामा प्रयोग गरी तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणात्मक रूपमा लिएको छ ।

लाहाचोक गा.वि.स. को ६ र ७ वडामा तरकारी उत्पादनमा लागेका ग्रामिण कृषकहरूमा तरकारी उत्पादनले कृषकहरूको जीवनशैलीमा पारेको प्रभावबारे अध्ययन गरिएको छ ।

उनीहरू तरकारी उत्पादनतर्फ कसरी लागे, कस्तो आम्दानी गरेका छन्, भएको आम्दानीबाट सामाजिक, आर्थिक, शैक्षिक र धार्मिक अवस्थामा कस्तो प्रभाव पारेको छ । जस्ता कुरालाई विभिन्न तथ्याङ्कका आधारमा तालिकीकरण गरी आवश्यकता अनुसार तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**मुख्य प्राप्तिहरू**

यस अध्ययनमा रहेका उत्तरदाताहरूमध्ये उमेरका आधारमा ३५-४५ वर्ष उमेरका ४४.११ प्रतिशत, भाषाका आधारमा नेपाली भाषा बोल्ने ८८.२३ प्रतिशत, हिन्दु धर्म मान्ने ७८.४३ प्रतिशत, जनजाति २४.५० प्रतिशत, शिक्षा लिएका प्रा.वि. ३९.२१ प्रतिशत बाहुल्यता रहेको पाइयो । अध्ययनमा कृषि पेशाको ७२.७ प्रतिशत बाहुल्यता देखियो । उत्तरदाताहरूमध्ये खेतीयोग्य जमिनको अवस्थालाई हेर्दा १-३ रोपनी जमिन हुनेको सबभन्दा बढी ३९.२१ प्रतिशत पाइयो । जमिनमा स्वामित्वको अवस्थालाई हेर्दा बढी सङ्ख्या ७८.४३ प्रतिशत जमिन श्रीमान्/ससुराको नाममा रहेको देखिन्छ । उत्तरदाताहरूमध्ये जमिनमा अन्नबाली र तरकारी लगाउने उत्तरदाताको बाहुल्यता रहेको देखिन्छ । अन्नबाली र तरकारी लगाउने उत्तरदाताको सङ्ख्या ७८.४३ प्रतिशत रहेको छ । तरकारी उत्पादनमा लाग्ने प्रेरणाको स्रोत हेर्दा साथी र संघसंस्थाको बाहुल्यता ४४.१२ प्रतिशत देखिन्छ । तरकारी उत्पादन नै रोज्नुको कारणमा अरुको देखेर, कृषि विकासले गर्दा, रोजगार नपाएर, आफ्नै ज्ञानले रहेको पाइयो । उत्तरदातामध्ये आधुनिक मलबिउको मात्र प्रयोग गर्ने, तालिमदाताको अनुसार प्रयोग गर्ने र परम्परागत रहेको पाइयो । तरकारी उत्पादनमा १०-२० हजार मासिक आम्दानी गर्ने ८३.३३ प्रतिशतको बाहुल्यता देखिन्छ । उत्तरदातामध्ये घरखर्च, बालबच्चाको पढाइमा, पुन-उत्पादनमा लगानी गर्ने, (माथिका सबै पक्षमा खर्च गर्ने) ५५.८९ प्रतिशत रहेको पाइयो । उत्तरदातामध्ये कृषक समूहमा आवद्ध, आमा समूह, गैह्रसरकारी संस्थामा (माथिका सबै) पक्षमा आवद्ध ८८.२३ प्रतिशत रहेको पाइयो । उत्पादनपछि कृषकहरूमा के प्रभाव पर्‍यो भन्ने धारणा बुझ्दा, सामाजिक प्रभाव, शैक्षिक प्रभाव र आर्थिक प्रभाव रहेको पाइयो । उत्तरदातामध्ये कृषकहरूमा आर्थिक प्रगति भएको पाइयो । समाजमा मानसम्मान, आत्मनिर्भरता, शिक्षा र स्वास्थ्यमा, चेतनाको विकास भएको पाइयो । उत्तरदातामध्ये परम्परागत पद्धतिलाई छाडेर आधुनिकतातिर उन्मुख हुनेमा ९३.१४ प्रतिशत रहेको पाइयो ।

## ७.२ अध्ययनको निष्कर्ष

तरकारी उत्पादनमा प्राथमिक शिक्षा लिएका ४० प्रतिशत कृषकहरूको बाहुल्यता देखिन्छ । तरकारी उत्पादनमा लागेका कृषकहरूमध्ये जमिन हुने र नहुने रहेको पाइयो । जमिन नहुने कृषकहरूले पनि भाडामा लिएर पनि तरकारी उत्पादन गरेको अध्ययनबाट पत्ता लागेको छ । सँगी साथीको सुझाव र गैर सरकारी संस्थाको कार्यलाई तरकारी उत्पादनतर्फ लाग्नुको प्रेरणा मान्ने कृषकको बाहुल्यता रहेको पाइयो । कृषकहरू तरकारी उत्पादन गर्दा परम्परागत र आधुनिक दुवै प्रकारका मल, बिउ र प्रविधिको प्रयोग गर्दा उत्पादन बढी हुने कृषकहरूको भनाइ रहेको छ । उत्पादनमा लागेका सबै कृषकहरूले तरकारी उत्पादन सम्बन्धी तालिम पाएको र तालिमदाताकै अनुसार मल, बिउ र प्रविधिको प्रयोग गर्ने गरेको पाइयो । अध्ययनअनुसार उत्पादनपछि मासिक १० हजारदेखि १ लाखसम्म आम्दानी गरेको पाइयो । आम्दानी गरेको पैसा बचत गर्ने, बालबच्चाको पढाइमा खर्च गर्ने पुन-उत्पादनमा लगानी गर्ने गरेको पाइयो । तरकारी उत्पादनपछि कृषकहरूको आर्थिक सुधार भएको अध्ययनबाट पाइयो । आर्थिक सुधारले कृषकको जीवनशैलीमा नै परिवर्तन भएको कुरा अध्ययनबाट पत्ता लागेको छ । आर्थिक सुधारसँगै उनीहरूमा बालबालिकाहरूलाई पढाउनुपर्दछ भन्ने धारणाको विकास भएको यस अध्ययनले देखाएको छ । यो भनेको सुधारको पक्ष हो । त्यसैगरी तरकारी उत्पादनपछि आर्थिक सुधार भएको र आत्मनिर्भर बन्न सकेका कृषकहरूको सङ्ख्या बढी देखियो । अधययन अनुसार तरकारी उत्पादनले ग्रामिण कृषकको जीवनशैलीमा सकारात्मक प्रभाव पारेको छ भन्न सकिन्छ ।

## ७.३ सुझावहरू

देशको समग्र विकास गर्नको लागि कृषि क्षेत्रको विकास र कृषि उत्पादनमा वृद्धि हुनु आवश्यक छ । कृषि उत्पादनमा वृद्धि हुनाले रोजगारी सृजना हुनाका साथै उद्योग धन्दाहरूको पनि विकास हुने सम्भावना रहन्छ । परम्परागत रूपमा गरिदैं आएको कृषिले उत्पादन हुनुको साथै त्यसमा कम उत्पादकत्व समेत रहेको पाइन्छ । त्यसैले कृषिको उत्पादकत्व बढाउन र कृषकहरूमा रोजगारी बढाउनको लागि वैज्ञानिक उपकरणहरूको प्रयोग गरी कृषि पेसालाई व्यवसायिक रूपमा अगाडि लैजानु पर्दछ । ग्रामिण क्षेत्रका कृषकहरूलाई आर्थिक सुधार गर्नका लागि कृषि पेसालाई आधुनिकीकरण गरिनुपर्दछ ।

यसलाई व्यवसायिक र आधुनिककिरण गर्नका लागि केही सुझावहरू निम्नअनुसार प्रस्तुत गरिएको छ ।

- तरकारी उत्पादनमा लागेका कृषकहरूलाई प्रोत्साहन गर्न र बाँकी घरपरिवारलाई आकर्षित गर्नका लागि कृषि सम्बन्धी जनचेतनाका कार्यक्रम थप गर्नुपर्ने देखिन्छ ।
- कृषि उत्पादनलाई दिगो बनाउनका लागि तरकारी उत्पादन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने समय, मल, बिउ प्रविधि छनोट गर्ने, किन्ने, तरकारी बेच्ने, पैसा लगानी गर्ने, बचत गर्ने सबै कार्यमा स्वयम कृषकलाई स्वतन्त्रता दिनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, राजेन्द्र (२००६), *व्यवसायिक तरकारी खेतीमा महिला, हेम्जा गा.वि.स. को अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

आचार्य, बलराम (२०६२), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

आर्थिक सर्वेक्षण (२०६४/६५), नेपाल सरकार अन्य मन्त्रालय, आर्थिक सर्वेक्षण ।

कृषि तथा सहकारी मन्त्रालय (२०६८), *तरकारी खेती प्रविधि,* काठमाडौंः सौगात प्रिन्टिङ्ग एण्ड पब्लिकेशन, अनामनगर ।

कृषि सूचना तथा सञ्चार केन्द्रहरूद्वारा प्रकाशित बुलेटिन (२०५७) ।

खत्री, प्रेमकुमार (२०५५), *उत्पत्ति मान सभ्यताका केही पथको ऐतिहासिक एवम मानवशास्त्रीय अध्ययन,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. किर्तीपुर ।

गौतम, मिनाकुमारी (२०६९), *तरकारी उत्पादनले महिलाको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

गुरुङ्ग, शान्ति (२०६९), *तरकारी उत्पादनले कृषकमा पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

थापा, सावित्री (२०६२), राष्ट्रिय सहकारी सङ्घ, वार्षिक प्रतिवेदन ।

थापा, राजेन्द्र (२०६८), *तरकारी खेतीमा महिला सहभागिता,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

नेपालको अन्तरिम संविधान (२०६४), पहिलो दोस्रो र तेस्रो संशोधन सहित यू.एन.डि.पि. नेपाल ।

नेपालको संविधान (२०७२), पहिलो संशोधन सहित यू.एन.डि.पि. नेपाल ।

नेपाल मानव विकास प्रतिवेदन (२००९), यू.एन.डि.पी. राज्य रूपान्तरण र मानव विकास ।

नेपाल जनसङ्ख्या प्रतिवेदन (२०७०), जनसङ्ख्या तथा वातावरण मन्त्रालय, काठमाडौं ।

पौडेल, सूर्यनारायण र पौडेल, ओमकार (२०६४), *अर्थशास्त्र,* काठमाडौं : ज्ञानकुञ्ज पुस्तक पसल ।

पहारी, सरस्वती (२०६८), *कृषि उपज कारोबारमा लैङ्गिक सहभागिताको समाजशास्त्रीय विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

शर्मा, रमेशनाथ (२०६४), *सोसियो इकोनमिक एण्ड मार्केट सर्भे,* दिगो कृषि विकास कार्यक्रम नेपाल ।

अर्याल, शिवहरि (२०७०), *सामाजिक परिवर्तन र विकासको  अध्ययन,* काठमाडौंः शिवपब्किेशन प्रा.लि., बागबजार ।

शाक्य, कर्ण, कान्तिपुर राष्ट्रिय दैनिक ११ असोज २०६५ पृष्ठ ६ ।

सुवेदी, रामचन्द्र (२०६५), *अरुणोदय नेपाल राष्ट्र बैंक कर्मचारी संघ,* केन्द्रियद्वारा प्रकाशित

अर्याल, भोजेन्द्र (२०६८), *समाजिक परिवर्तन र विकासको अध्ययन,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन, कीर्तिपुर ।

बुढाथोकी, रमेश (२०६२), *बजारमुखी तरकारी र बेमौसमी तरकारी खेती प्रविधि,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

बराल, देवराज (२०७१), *व्यवसायिक तरकारी उत्पादनले महिलाको सामाजिक आर्थिक तथा पारिवारिक स्तरमा पारेको प्रभावको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

नेपाल सरकार (२०५०) आठौ राष्ट्रिय योजना (२०४९-२०५४), राष्ट्रिय योजना आयोग नेपाल ।

राष्ट्रिय जनगणना (२०६८), केन्द्रिय तथ्यांक विभाग काठमाडौं ।

नारी मासिक (२०६८), *तरकारी खेतीमा महिला सहभागिता* ।

रेग्मी, ऋषि केशव राज (१९९९), डाइमेन्सन अफ नेपाली कल्चर एण्ड सोसाइटी, काठमाडौंः शान रिसर्च इन्स्चिच्यूट ।

वस्तुगत विवरण (२०७३), लाहाचोक गाउँविकास समितिको कार्यालय, कास्की ।

# अनुसूची १

## कृषकहरूको लागि अन्तरवार्ता अनुसूची

तलका प्रश्नहरू लाहाचोक गा.वि.स.मा तरकारी उत्पादनमा लागेका कृषकहरूसँग सम्बन्धित रहेको छ । यस अध्ययनले तपाईहरूलाइ व्यक्तिगत रूपमा केही पनि नकारात्मक असर पार्ने छन् । प्रश्नहरूको उत्तर दिई अनुसन्धान कार्यमा सहयोग पुऱ्याइ दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**प्रस्तुतकर्ता**

**चित्रकुमारी बराल**

उत्तरदाताको नामः वैवाहिक स्थितिः

उमेर : भाषाः

लिङ्गः जात/जातिः

पेसाः शिक्षाः

१) पारिवारिक संरचना कस्तो छ ?

क) एकात्मक ख) संयुक्त

२) तपाईको पारिवारिक सदस्य कति जना हुनुहुन्छ ?

क) १-२ ख) २-४ ग) ४-६ छ) ६ जना भन्दा माथि

३) तपाईको घरमा खेती योग्य जमिन कति छ ? रोपनीमा

क) १-३ रोपनी ख) ३-५ रोपनी

ग) ५ रोपनीभन्दा बढी घ) ४ वर्ष वा सोभन्दा बढी

४) आफ्नो खेतीबारीमा के खेती गर्नुहुन्छ ?

क) अन्नबाली ख) तरकारी

ग) घाँसखेती घ) सबै

५) तरकारी उत्पादन गर्न लाग्नुभएको कति भयो ?

क) १ वर्ष ख) २ वर्ष

ग) ३ वर्ष घ) ४ वर्ष वा सोभन्दा बढी

६) तपाई जग्गा जमिन कसको नाममा छ ?

क) श्रीमान/ससुरा ख) स्वयम् तपाई ग) जग्गा नहुने

७) तपाई कस्तो तरकारी उत्पादन गर्नुहुन्छ ?

क) मौसमी ख) बेमौसमी ग) दुवै

८) तरकारी उत्पादनबाट मासिक कति आम्दानी हुन्छ ?

क) १०-२० हजार ख) २०-४० हजार

ग) ४०-६० हजार घ) ६० हजारभन्दा माथि

९) तपाई तरकारी उत्पादनतर्फ लाग्ने प्रेरणा कहाँबाट पाउनुभयो ?

क) स्वेच्छा ख) साथीसँगी

ग) परिवार घ) संघसंस्था

१०) तपाई तरकारी उत्पादन तर्फ किन आकर्षिक हुनुभयो ?

क) अरुको देखेर ख) कृषि विकासले गर्दा

ग) रोजगार नपाएर घ) आफ्नै ज्ञानले ङ) माथिका सबै

११) तपाईले तरकारी उत्पादनबाट हुने आम्दानी के मा खर्च गर्नुहुन्छ ?

क) घर खर्च ख) बालकबच्चाको पढाइ

ग) आफ्नो लागि खर्च घ) पुन-उत्पादनमा लगानी ङ) माथिका सबै

१२) तरकारी उत्पादनमा लागेपछि तपाईलाई के-के फाइदा भयो ?

क) आर्थिक ख) सामाजिक ग) शैक्षिक घ) सबै

१३) तरकारी उत्पादनले तपाइको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नकारात्मक

१४) तरकारी उत्पादनले तपाईको आर्थिक अवस्थामा सकारात्मक प्रभावहरू के-के पारेको छ ? बताइदिनुहोस् ।

क) ........................................................................................

१५)   तरकारी उत्पादनले तपाईको आर्थिक अवस्थामा पारेको नकारात्मक प्रभावहरू बताइदिनुहोस् ?

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

१६)   तरकारी उत्पादनले सामाजिक जीवनमा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक   ख) नकारात्मक   ग) दुवै

१७)   तरकारी उत्पादनले सामाजिक जीवनमा पारेका सकारात्मक पक्षहरू बताइदिनुहोस् ?

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

१८)   तरकारी उत्पादनले सामाजिक जीवनमा पारेका नकारात्मक पक्षहरू बताइदिनुहोस् ?

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

१९)   तपाईहरू कुनै समूहमा आवद्ध हुनुहुन्छ ?

क) कृषक समूह   ख) आमा समूह

ग) गैरसकारी संस्था   घ) सबै

२०)   तरकारी उत्पादनका लागि सिकाइको सुविधा कस्तो छ ?

क) राम्रो   ख) नराम्रो

२१)   सिचाइको स्रोत के हो ?

क) कुलो   ख) धारा   ग) अन्य

२२) तपाई कस्तो मल विउ र प्रविधिको प्रयोग गर्नुहुन्छ ?

क) परम्परागत ख) आधुनिक मात्र

ग) दुवै घ) तालिमदाताको सिफारिस अनुसार

२३) तरकारी उत्पादनपछि तपाईको जीवनशैलीमा के-के परिवर्तन भएजस्तो लाग्छ ?

क) आर्थिक प्रगति ख) समाजमा मानसम्मान ग) आत्मनिर्भर
घ) शिक्षा र स्वास्थ्यमा सुधार ङ) चेतनाको विकास च) सबै

२४) तरकारी खेतीबाट कृषकहरूको जीवनस्तरमा कस्तो रूपान्तरण भएको छ ?

क) परम्परागत पद्धतिलाई अनुसरण गर्ने

ख) परम्परागत पद्धतिलाई छोडेर आधुनिकतातिर उन्मुख

ग) दुवै

२५) तरकारी उत्पादनमा के-के समस्या रहेका छन् ?

क) ........................................................................................

ख) ........................................................................................

२६) ती समस्याको समाधान कसरी गर्न सकिएला?

क) ........................................................................................

ख) ........................................................................................

२७) तपाईलाई भन्न मन लागेका कुरा ?

क) ........................................................................................

ख) ........................................................................................

**धन्यवाद**

# अनुसूची २
# उत्तरदाताले अन्तवार्ता अनुसूची भराउँदा र अवलोकन गर्दा लिएका तस्वीरहरू




लाहाचोक गा.वि.स.



तरकारी बारी



कृषकले तरकारी टिपिरहँदाको समय





तरकारी बेचबिखनको अवस्था



उत्तरदातासँग प्रश्न गर्दै अनुसन्धानकर्ता



गोलभेडा खेती उत्पादन गर्ने टर्नेल



अन्य तरकारी रोपेको स्थान



गोलभेडा खेती उत्पादन गर्ने टर्नेल




लाहाचोक गा.वि.स.